का.जि.प्र.का.द.नं. ७००/०७२/८०

२६ असोज २०८३

सोमबार

12 October 2026

Monday

नेपाल संवत् ११४६

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २६३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# बुढीगण्डकी बाढीले उजाडिए बस्ती

### पाँच गोठाला बेपत्ता, कम्तीमा ३५ घर बगे, ४७ जनाको हेलिकोप्टरबाट उद्धार

गोरखाको उत्तरी भेगमा बुढीगण्डकी नदीमा आएको बाढीले चुमनुब्री, धार्चे र आरुघाटका विभिन्न बस्तीमा ठुलो क्षति पुऱ्याएको छ। प्रारम्भिक विवरणअनुसार कम्तीमा ३५ घर बगेका छन् भने पाँच गोठाला सम्पर्कविहीन छन्। प्रभावित क्षेत्रबाट ४७ जनाको हेलिकोप्टरमार्फत उद्धार गरिएको छ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २५ असोज

एकाबिहानै बुढीगण्डकी नदीमा लेदोसहितको ठुलो बहाव उर्लियो। नदी किनारका बासिन्दाले घरभित्रका सामान र पशुचौपाय जोगाउने मौकासमेत पाएनन्। कोही भर्खर उठ्दै थिए, कोही बिहानको काममा निस्कने तयारीमा। पहिरोले नदीको बहाव छेकेपछि एकाएक आएको बाढीले बस्ती, पुल र पूर्वाधार बगायो। केही मानिस ज्यान जोगाउन अग्लो ठाउँतिर भागे भने पाँच गोठाला अझै सम्पर्कविहीन छन्।

गोरखाको उत्तरी भेगमा आइतबार बिहान बुढीगण्डकी नदीमा आएको बाढीले चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकाका विभिन्न क्षेत्रमा ठुलो क्षति पुऱ्याएको छ। प्रारम्भिक विवरणअनुसार कम्तीमा ३५ घर बगेका छन्। पुल, सडक, जलविद्युत् आयोजनाका निर्माणस्थल र पशुगोठमा समेत क्षति पुगेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढी प्रभावित क्षेत्रबाट ४७ जनाको हेलिकोप्टरमार्फत उद्धार गरिएको छ। खोजी तथा उद्धार कार्य जारी रहेकाले क्षतिको पूर्ण विवरण संकलन हुन बाँकी छ।

## पुल बगेपछि टुट्यो बस्तीको सम्पर्क

बुढीगण्डकीको बाढीले विभिन्न स्थानका झोलुंगे तथा मोटर चल्ने पुलमा क्षति पुऱ्याएको छ। गोरखा र धादिङ जोड्ने आरुघाट क्षेत्रको पुलको भागसमेत बगाएको विवरण सार्वजनिक भएको छ। चुमनुब्रीको न्याक्चेत-सिर्दिबास र धार्चेको माछाखोला-केरौजालगायतका क्षेत्रका पुलमा पनि क्षति पुगेको छ।

पहाडी क्षेत्रमा पुल नदी वारपार गर्ने साधन मात्र होइन, अस्पताल, बजार, विद्यालय र सरकारी सेवासम्म पुग्ने मुख्य माध्यम हो। पुल बग्दा आसपासका बस्तीको सम्पर्क टुट्न सक्छ। सडक अवरुद्ध हुँदा बिरामीलाई अस्पताल लैजान, खाद्यान्न पुऱ्याउन र उद्धार टोली परिचालन गर्नसमेत कठिन हुन्छ।

## २० मिनेटपछि तल्लो तटीय क्षेत्रमा सूचना

बुढीगण्डकीको बाढीले पूर्वसूचनाको महत्त्व पनि देखाएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत धर्मराज उप्रेतीले सार्वजनिक गरेको विवरणअनुसार अधिकारीले बिहान करिब ६:२० बजे घटनाबारे आधिकारिक जानकारी पाएका थिए। त्यसको करिब २० मिनेटपछि तल्लो तटीय क्षेत्रका बासिन्दालाई लघुसन्देशमार्फत सतर्कता »» पृष्ठ २ मा

## पहिरोले थुनिएको नदीमा एकाएक बाढी

प्रारम्भिक विवरणअनुसार चुमनुब्री गाउँपालिका-६ अन्तर्गत लोक्पा र चुम्लिङबीचको क्षेत्रमा पहिरो गएर नदीको बहाव अवरुद्ध भएपछि बाढी आएको हो। माथिल्लो क्षेत्रमा थुनिएको पानी र लेदोसहितको बहाव एकाएक तलतिर झर्दा नदी किनारका बस्ती प्रभावित भएका छन्। घटनाको विस्तृत भौगर्भिक कारण भने प्राविधिक अध्ययनबाट यकिन हुने सरकारी दाबी छ।

बाढीले चुमनुब्री गाउँपालिका-३ अन्तर्गत प्याँयु र बगर क्षेत्रका घरमा ठुलो क्षति पुऱ्याएको प्रारम्भिक विवरण छ। जगत, सल्लेरी र घट्टेखोलालगायतका बस्ती पनि प्रभावित भएका छन्। धार्चे गाउँपालिकाको माछाखोला क्षेत्रमा बाढी पसेपछि घर र गोठमा क्षति पुगेको छ। सल्लेरी क्षेत्रमा थप घर »» पृष्ठ २ मा



# ड्रोनबाट सुरक्षा निगरानी

### देशरभर ८० हजार प्रहरी तैनाथ



चाडपर्वको समयमा हुनसक्ने आपराधिक गतिविधि नियन्त्रणसँगै मुख्य राजमार्गमा दुर्घटना न्यूनीकरण र तत्काल उद्धारका लागि ३७ स्थानमा एम्बुलेन्ससहितको आकस्मिक उद्धार टोली परिचालन गरिएको छ।

**नेत्रबहादुर कार्की**
**प्रवक्ता, सशस्त्र प्रहरी**



चाडपर्व सुरक्षा योजनाको कार्यान्वयनमा प्रहरीले ड्रोन, सिसिटिभी, 'बडिवन' क्यामेरालगायत सञ्चार उपकरण र प्रविधिको प्रयोग गर्ने भएको छ।

**अविनारायण काफ्ले**
**प्रवक्ता, नेपाल प्रहरी**




**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ असोज

दसैं, तिहारलगायत चाडपर्वमा हुने सम्भावित सुरक्षा चुनौतीलाई ध्यानमा राखेर नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले 'विशेष सुरक्षा योजना २०८३' ल्याएका छन्। उक्त योजना कार्यान्वयनका लागी नेपाल प्रहरीले ५० हजार र सशस्त्र प्रहरीले २८ हजारभन्दा बढी जनशक्ति परिचालन गर्ने भएको छ। सोहीअनुसारको आवश्यक ड्रोन तथा सिसिटिभीमार्फत निगरानी गर्ने व्यवस्था मिलाइएको छ।

'चाडपर्वको मौका छोपी चोरी डकैती, जुवातास एवं सट्टेबाजी, अन्तर्राष्ट्रिय सीमानाकामा तस्करी र सीमा अपराध हुन सक्छन्,' नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेले भने, 'यस्ता अपराध नियन्त्रणका लागी नेपाल प्रहरीले चाडपर्व लक्षित विशेष सुरक्षा योजना-२०८३ ल्याएको छ।' यो समयमा हुनसक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गर्न ५० हजारभन्दा बढी प्रहरी परिचालन गरिएको उनले बताए।

नेपाल प्रहरीले मात्रै होइन, सशस्त्र प्रहरी बलले पनि शान्ति सुरक्षालाई मध्यनजर गर्दै चाडपर्वलक्षित विशेष सुरक्षा योजना-२०८३ ल्याएको हो। दुवै सुरक्षा निकायले छुट्टाछुट्टै योजना बनाएर दसैं, तिहार, छठलगायत राष्ट्रिय चाडपर्वमा हुन सक्ने आपराधिक घटना हुनबाट रोक्ने बताएका छन्। सशस्त्र प्रहरीले २८ हजार भन्दा बढी जनशक्ति परिचालन गर्ने तयारी गरेको छ। सशस्त्र प्रहरीका प्रवक्ता नेत्रबहादुर कार्कीले 'चाडपर्व लक्षित विशेष सुरक्षा योजना २०८३' तयार गरी असोज २२ गतेबाटै लागू गरेको बताए। उनले मध्यान्हसँग भने, 'हामीले यो वर्ष २८ हजार १२६ जना सुरक्षाफौजलाई तैनाथ गरेका छौं।'

असोज २५ गतेबाट औपचारिक रूपमा दसैंको प्रारम्भ भइसकेको छ। दसैं, तिहार र छठ मनाउनका सहरदेखि गाउँ जाने नागरिकको लर्को छ। दसैंको उल्लाससँगै बढेको भिडभाडसँगै हुन सक्ने आपराधिक घटनाले मुलुकको शान्ति सुरक्षाको विषय गम्भीर बन्ने सक्ने सुरक्षा निकायले आकलन गरेका छन्। यही समयमा विष्फोटक पदार्थको ओसार पसार, भन्सार छली, बैंक वित्तीय संस्थामा चोरी डकैती, लुटपाट, खाद्यान्न, लत्ताकपडा र उपभोग्य वस्तुको कृत्रिम अभाव, कालोबजारी, म्याद गुज्रिएका वा मिसावटयुक्त सामग्रीको बिक्री, हुन्डी र नक्कली नोट कारोबारलगायतलाई सुरक्षा निकायले चुनौतीका रूपमा लिएका छन्। यसलाई व्यवस्थापन गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरीले हरेक वर्षजस्तै यस वर्ष पनि विशेष सुरक्षा योजना ल्याएको दुवै सुरक्षा निकायले बताएको हो।

बडादसैं, दीपावली, नेपाल सम्वत् र छठपर्वको सुरक्षा व्यवस्थालाई भरपर्दो र विश्वसनीय बुधबारदेखि 'चाडपर्वलक्षित सुरक्षा योजना-२०८३' लागू गरेको नेपाल प्रहरीले जनाएको छ। यो समयमा आमनागरिकको जनजीवन सामान्य तुल्याउन, बैंक तथा वित्तीय संस्थासँग हुने कारोबार सुरक्षित गराउन, विभिन्न गन्तव्यमा जाने यात्रीसमेतलाई पूर्ण सुरक्षाको प्रत्याभूति दिलाउन सुरक्षा योजना लागू गरिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए। सुरक्षा व्यवस्था चुस्त बनाउन ५० हजार बढी प्रहरी खटाइएको उनको भनाइ छ। नेपाल प्रहरीले ४०८ स्थानमा यात्रु सहायता र अन्तर्राष्ट्रिय सीमा-नाकामा १०८ वटा सहायता कक्ष स्थापना गरिएको छ। काठमाडौं उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय एवं जिल्ला प्रहरी कार्यालयमा कमान्ड पोस्ट स्थापना र त्यहाँबाट प्रहरी परिचालनको व्यवस्था मिलाइएको प्रवक्ता काफ्लेले »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## साउदीमा हुथी आक्रमणपछि नेपालीको सुरक्षा र रोजगारीको चिन्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असोज

साउदी अरबको राजधानी रियादस्थित एक विमानस्थलमा यमनका हुथी विद्रोहीले गरेको हमलाले त्यहाँ कार्यरत नेपालीको सुरक्षाका साथै रोजगारीको सुनिश्चिततामाथि चिन्ता बढाएको छ।

यमनका हुथी विद्रोहीले आइतबार गरेको हवाई आक्रमणका कारण कम्तीमा १२ जनाको ज्यान गएको छ भने ३०९ जना घाइते भएका छन्। आक्रमणमा कुनै पनि नेपाली परेका छैनन्। आक्रमणमा साउदीका चार, बंगलादेशका दुई र अमेरिका, जोर्डन, प्यालेस्टाइन, सिरिया, सुडान एवं इजिप्टका एक-एक जना मारिएका छन्।

हुथी विद्रोहीको आक्रमणको यो क्षमताले उनीहरूलाई साउदी अरबभित्र आक्रमण गर्न सक्षम बनाएको देखिएको छ। यसले साउदी अरेबियालाई अस्थिरतातर्फ धकेल्ने खतरा बढाएको छ। हुथी विद्रोहीहरूको क्षमता अब साउदी अरबभित्र रियादका विमानस्थल, सहरी पूर्वाधार र आवासीय क्षेत्रहरूलाई लक्षित गर्दै गहिरो आक्रमण गर्न सक्ने स्तरमा विकास भएको देखिएको छ।

साउदी अधिकारीहरूका अनुसार, हुथी विद्रोहीहरूले दुई दिनभित्र देशका दुई प्रमुख विमानस्थल रियाद र आभामा मिसाइल तथा ड्रोन आक्रमण गरेका छन्। यी आक्रमणहरूमा तीन जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन्। हुथी विद्रोहीले साउदी अरबको हवाई क्षेत्र प्रयोग नगर्न अन्तर्राष्ट्रिय एयरलाइन्सहरूलाई 'अन्तिम चेतावनी' दिएका छन्। हुथी सैन्य प्रवक्ता याह्या सारीले साउदी हवाई क्षेत्र अब 'उनीहरूको सैन्य अपरेसनको केन्द्र' बनेको बताएका छन्।

यसले साउदीमा हवाई उडान प्रभावित भएका छन्। आइतबार नेपालबाट हुने उडानसमेत प्रभावित भएको छ। साउदी-नेपाल यात्रा »» पृष्ठ २ मा

### 'सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्नु अत्यावश्यक'

**भक्तपुर/रासस**– युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा माग भइरहेको सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्नु अत्यावश्यक रहेको बताएका छन्।

भक्तपुरको दधिकोटमा सञ्चालनमा आएको एभरेस्ट मल्टी स्किल प्रा.लि.को आइतबार उद्घाटन गर्दै उनले देशमा चुनौतीका रूपमा रहेको बेरोजगारीलाई चिर्न बजारले खोजेको दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्नु आवश्यक रहेको बताए। मन्त्री यादवले भने, 'अहिले दक्ष जनशक्तिको आवश्यकता रहेको छ, बजारको मागअनुसारको »» पृष्ठ २ मा

# विशेष पक्षधरको वर्चस्व

### पछि जोडिएकालाई सम्मानजनक मत

कांग्रेसमा पदाधिकारीको प्रारम्भिक मतपरिणाममा विशेष महाधिवेशन पक्षधर नेताहरूको वर्चस्व देखिएको छ। केन्द्रीय सदस्यको मतगणना पूरा हुन भने अझै केही दिन लाग्ने निर्वाचन समितिले जनाएको छ।




**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत पदाधिकारीको मतगणना जारी छ। सभापतिमा गगन थापा ९४ प्रतिशत मतसहित विजयी भइसकेका छन्। बाँकी पदाधिकारीको नतिजा आउने क्रम जारी छ। केन्द्रीय सदस्यको परिणाम आउन भने अझै केही दिन लाग्ने केन्द्रीय निर्वाचन समितिले जनाएको छ।

गत असोज १८ गते सुरु भएको महाधिवेशनले विशेष महाधिवेशनको नेतृत्व गरेका थापालाई सहजै अनुमोदन गऱ्यो। अन्य पदमा भएको मतदानको प्रारम्भिक परिणाममा भने विशेष महाधिवेशनको विपक्षमा रहेका र पछि जोडिएका नेताहरूले पनि प्रतिस्पर्धात्मक मत पाइरहेका छन्।

वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध निर्वाचित भएका छन्। अन्य अधिकांश पदमा मतदान भएको थियो। बाँकी पदाधिकारीको मतगणना पार्टी केन्द्रीय कार्यालय सानेपामा भइरहेको छ। शनिबार साँझ ६ बजेदेखि »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२६ असोज २०८३ सोमबार
12 October 2026 Monday

# पुस्तान्तरण स्वाभाविक प्रक्रिया हो यसमा धेरै लफडा गरिराख्न पर्दैन : ओली

**काठमाडौं/मस-** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी तथा राज्यका विभिन्न क्षेत्रमा पुस्तान्तरण क्रमशः विधि प्रकियाअनुसार हुँदै जाने बताएका छन् । पार्टीको मिसन पार्टी जागरण अभियान तथा अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले पुस्तान्तरणका लागी निश्चित विधि, प्रक्रिया र योग्यता आवश्यक पर्ने बताएका हुन् ।

उनले नयाँ पुस्तालाई तालिम, क्षमता विकासमार्फत क्रमशः नेतृत्वका लागि तयार गनुपर्ने बताए । तर अहिले समाजमा पुस्तान्तरणको नाममा विभाजन गर्ने प्रयास भइरहेको उनको आरोप छ। उनले समाजमा जात, धर्म र भूगोलका आधारमा विभाजन गर्न नसकेर हाल बाबु-छोरा तथा हजुरबा-नातिबीच पुस्तागत द्वन्द्व सिर्जना गर्न खोजिएको बताए । नयाँ पुस्ताले पुरानो पुस्तालाई




तत्काल जिम्मेवारी छाड्न दबाब दिनु अनुचित भएको उनको दाबी छ ।

उनले प्राध्यापक बन्नका लागि लेक्चररबाट सुरु गर्नुपर्ने बताए । नयाँ पुस्तालाई योग्य, दक्ष र सक्षम बनाएर क्रमशः जिम्मेवारी दिँदै लैजाने उल्लेख गर्दै उनले नेतृत्व हस्तान्तरणका लागि आवश्यक तयारी र अनुभव हासिल गर्न समय लाग्ने बताए ।

आफ्नो राजनीतिक जीवनको सुरुवाती समय स्मरण गर्दै उनले आफूहरू सानै उमेरमा नेतृत्व तहमा पुगेको बताए । तर तत्कालीन नेतृत्वको उमेरलाई अहिलेको पुस्तासँग सिधै तुलना गर्न नमिल्ने उनको जिकिर छ । अहिले १९ वर्षको मान्छेले पार्टी प्रमुख हुनुपर्छ भन्यो भने हास्यास्पद हुने उनको भनाइ छ ।

उनले कुनै व्यक्तिले जिम्मेवारी निर्वाह गर्न नसक्ने अवस्था आएपछि नेतृत्वबाट आफै हट्ने बताए । हाल पार्टीभित्र एकता आवश्यक रहेको उल्लेख गर्दै उनले पुस्तान्तरण लगायतका अनेक झमेलामा नपर्न सम्पूर्ण कार्यकर्तालाई आग्रह गरे । उनले देशलाई एमालेले नै सही बाटोमा लैजाने बताए । एउटा निर्वाचन हार्दैमा एमाले कमजोर नहुने उनको भनाइ छ। उनले कार्यकर्ताहरूलाई उच्च मनोबलका साथ जागरण अभियानमा पनि आग्रह गरे ।

# नवरात्र सुरु भएसँगै पाथीभरामा भक्तजनको घुइँचो

**काठमाडौं/मस-** नवरात्र सुरु भएसँगै ताप्लेजुङस्थित प्रसिद्ध धार्मिकस्थल पाथीभरामा दर्शन गर्न आउने भक्तजनको चहलपहल बढेको छ। नवरात्रको पहिलो दिन आइतबार बिहानैदेखि पाथीभरा देवीको पूजाआर्चना तथा दर्शन गर्ने भक्तजनको घुइँचो लागेको हो ।

पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार नवरात्र सुरु भएसँगै पाथीभरा मन्दिर परिसरमा भक्तजनको भीड बढेको छ । भक्तजनको आगमन बढेसँगै पाथीभरा क्षेत्र तथा फेदीका होटलमा समेत तीर्थयात्रीको चहलपहल बढेको छ ।

पाथीभरा माताको दर्शनसँगै कञ्चनजंघा, मकालु र फक्ताङलुङलगायत हिमशृंखलाको मनोरम दृश्यावलोकन गर्न आउने पर्यटक तथा तीर्थयात्रीका कारण स्थानीय होटल व्यवसायमा समेत चहलपहल बढेको छ ।

स्थानीय होटल व्यवसायी इन्द्रनारायण भट्टराईका अनुसार पाथीभरा दर्शन र हिमशृंखलाको दृश्यावलोकन गर्न आएका तीर्थयात्रीले गर्दा प्रायः सबै होटल



भरिएका छन्। नवरात्रका अवसरमा दर्शनार्थीको आगमन बढेपछि होटल व्यवसायीहरू पनि व्यस्त बनेका छन् ।

नवरात्रमा पाथीभरा दर्शनका लागि देशका विभिन्न स्थानबाट भक्तजन आउने गर्छन् । धार्मिक आस्थाको केन्द्रका रूपमा रहेको पाथीभरामा नवरात्रका समयमा विशेष पूजाआर्चना गर्ने र देवीको दर्शन गर्ने परम्परा छ ।

भक्तजनको बढ्दो चापलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले तीर्थयात्रालाई व्यवस्थित र सुरक्षित बनाउन आवश्यक प्रबन्ध गरेको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालका अनुसार जिल्ला प्रशासन कार्यालयले पाथीभरा क्षेत्र विकास समितिसहित सम्बन्धित निकायसँग समन्वय गरी भक्तजनको आवागमनलाई व्यवस्थित तथा सुरक्षित बनाउन आवश्यक व्यवस्था मिलाएको छ ।

नवरात्रका दिनमा पाथीभरामा भक्तजनको चाप बढ्ने भएकाले दर्शनार्थीको सहज आवागमन र सुरक्षालाई प्राथमिकता दिइएको प्रशासनले जनाएको छ ।

# दसैं मनाउन भारतबाट घर फर्किनेको लर्को

**काठमाडौं/मस-**दसैं सुरु भएसँगै रोजगारीका लागि भारतका विभिन्न सहरमा पुगेका नेपालीहरू चाडपर्व मनाउन स्वदेश फर्किन थालेपछि कञ्चनपुरको गड्डाचौकी नाकामा चहलपहल बढेको छ । भारतको उत्तराखण्ड, हिमाचल प्रदेश, दिल्ली, पञ्जाबलगायत क्षेत्रमा काम गर्दै आएका नेपालीहरू परिवारसँग दसैं मनाउन घर फर्किन थालेका हुन् ।



भारतका विभिन्न सहरमा मजदुरी, खेतीपाती तथा सुरक्षा गार्डलगायतका काम गर्दै आएका नेपालीहरू चाडपर्वका बेला घर फर्किने क्रम बढेको छ । रोजगारीका लागि भारत जाने र दसैंतिहार मनाउन स्वदेश फर्किने नेपालीका कारण गड्डाचौकी नाकामा यात्रुको आवागमन बढेको हो ।

देहरादुनमा रोजगारी गर्दै आएका अछामको ढकारीका खगेन्द्र बुढा पाँच जना साथीसँगै दसैं मनाउन घर फर्किने क्रममा गड्डाचौकी नाकामा भेटिए । उनीहरू देहरादुनमा सडक निर्माणसम्बन्धी काम गर्दै आएका छन् । ‘देहरादुनमा हामीहरू रोडमा काम गर्छौं । दसैं मनाउन घर फर्किएका हौं,’ उनले भने, ‘दसैंतिहार मनाएर फेरि रोजगारीका लागि उतै जानुपर्छ ।’

नेपालमा पर्याप्त रोजगारीको अवसर नहुँदा आफूजस्ता धेरै नेपाली मजदुरीका लागि भारतका विभिन्न सहरमा पुग्ने गरेको उनले बताए । चाडपर्वका बेला परिवारसँग भेटघाट गर्न र दसैं मनाउन स्वदेश फर्किने गरेको उनको भनाइ छ ।

त्यस्तै, कालीकोटका निगेन्द्र शाही पनि हिमाचल प्रदेशबाट दसैं मनाउन घर फर्किएका छन्। उनी त्यहाँ खेतीपातीको काम गर्दै आएका छन्। खेतीपातीबाट हुने आम्दानीले घरखर्च चलाउन सहयोग पुगेको उनले बताए ।

‘हिमाचलमा खेतीपातीको काम गर्छौं, त्यसको कमाइले घरखर्च चलेको छ,’ उनले भने, ‘दसैं मनाउन आउँछौं, तिहारपछि फर्किने हो ।’

उनका अनुसार रोजगारीका लागि हिमाचल प्रदेश पुगेका अन्य नेपाली पनि दसैंका बेला घर फर्किने गरेका छन् । चाडपर्व सकिएपछि उनीहरू पुनः रोजगारीका लागि भारत जाने गर्छन् ।

भारतको दिल्लीमा सुरक्षा गार्डका रूपमा काम गर्दै आएका मसुरियाका मीनबहादुर कठायत पनि दसैं सुरु भएपछि घर फर्किएका छन् । गत वर्ष चाडपर्व मनाएर भारत गएका उनी यस वर्ष पनि गड्डाचौकी नाका हुँदै स्वदेश फर्किएका हुन्।

‘सधैं दसैंमा यही नाका भएर घर फर्किन्छौं, आवतजावतमा समस्या छैन,’ उनले भने, ‘चाडपर्वपछि काममा फर्किन्छु ।’

यात्रुको सुरक्षाका लागि आठ स्थानमा सहायता कक्ष

चाडपर्वका बेला घर फर्किने यात्रुको चाप बढेसँगै कञ्चनपुर प्रहरीले यात्रुको सहजता र सुरक्षालाई ध्यानमा राखेर जिल्लाका विभिन्न स्थानमा नागरिक सहायता कक्ष स्थापना गरेको छ ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले गड्डाचौकी नाकाबाट स्वदेश फर्किने नेपालीको चाप बढेको बताए । चाडपर्वको समयमा हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गर्न नाकासहित जिल्लाका विभिन्न क्षेत्रमा सुरक्षा निगरानी बढाइएको उनले जानकारी दिए ।

‘गड्डाचौकी नाका र महेन्द्रनगर बसपार्क गरी जिल्लाका आठ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेका छौँ,’ उनले भने, ‘नाका र बसपार्कमा तालिमप्राप्त कुकुर परिचालन गरेर पनि सुरक्षा जाँच भइरहेको छ ।’

चाडपर्वका बेला यात्रुलाई पर्न सक्ने समस्या समाधान गर्न तथा चोरी, ठगी र अन्य आपराधिक गतिविधि न्यूनीकरण गर्न प्रहरीले सुरक्षा व्यवस्था कडा पारेको जनाएको छ । सहायता कक्षमार्फत यात्रुलाई आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

**नाकामै स्वास्थ्य परीक्षणको व्यवस्था**

भारतबाट स्वदेश फर्किने यात्रुमा विभिन्न रोगको सङ्क्रमणको जोखिमलाई ध्यानमा राख्दै गड्डाचौकी नाकामा स्वास्थ्य परीक्षणको व्यवस्था पनि मिलाइएको छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार भारतबाट फर्किने यात्रुको नाकामै स्वास्थ्य जाँच भइरहेको छ । यात्रुमा डेंगु, मलेरिया, एचआइभीलगायत छ प्रकारका रोगको परीक्षण गर्ने व्यवस्था मिलाइएको कार्यालयले जनाएको छ । चाडपर्व मनाउन स्वदेश फर्किने नेपालीको आवागमन बढेसँगै यात्रुको सुरक्षा र स्वास्थ्यलाई प्राथमिकता दिइएको छ । रोजगारीका लागि भारतमा रहेका नेपालीहरू दसैंतिहार मनाएर पुनः काममा फर्किने तयारीसहित घर आइरहेका छन् ।

नेपालमा रोजगारीका पर्याप्त अवसर नहुँदा भारतका विभिन्न सहरमा मजदुरी गर्न जाने नेपालीका लागि दसैंतिहार परिवारसँग भेटघाट गर्ने र चाडपर्व मनाउने अवसरसमेत बनेको छ । चाडपर्व सकिएपछि उनीहरू पुनः रोजगारीका लागि भारत फर्किने क्रम जारी रहने गरेको छ ।

## पहिरोले...

जोखिममा परेको विवरण सार्वजनिक भएको छ। बाढीले घर मात्र बगाएको छैन, स्थानीयको जीविकोपार्जनका आधारसमेत नष्ट गरेको छ । ग्रामीण क्षेत्रमा घर, गोठ, पशुचौपाया र खेतीपाती एउटै परिवारको आर्थिक सुरक्षासँग जोडिएका हुन्छन् । पशु बग्दा किसानले तत्कालीन आम्दानीसँगै बर्सौं लगाएर बनाएको सम्पत्ति गुमाउँछन् । घर बग्दा बसोबासको समस्या थपिन्छ भने सडक र पुलमा क्षति हुँदा राहत तथा पुनर्स्थापनाको काम कठिन हुन्छ ।

पाँच गोठाला बगाएको आशंका

बाढीपछि पाँच गोठाला सम्पर्कविहीन रहेको प्राधिकरणले जनाएको छ । बेपत्ता हुनेमा दुई पुरुष र तीन महिला छन् । प्रारम्भिक विवरणअनुसार, उनीहरू चुमनुब्री गाउँपालिका-६ अन्तर्गत उंग्लिलुङ क्षेत्रमा पशुचौपाय हेरचाहका लागि गोठमा बसेका थिए । बाढीले गोठ र पशुचौपाय बगाएपछि उनीहरू सम्पर्कविहीन भएका हुन् । उनीहरूलाई बाढीले बगाएको हो वा अन्यत्र सुरक्षित स्थानमा पुगेका छन् भन्ने खुलेको छैन । नेपाली सेना, नेपाल प्रहरी र स्थानीय तहको समन्वयमा खोजी तथा उद्धार भइरहेको छ। प्रभावित क्षेत्रको भौगोलिक अवस्था, क्षतिग्रस्त सडक र पुल तथा नदीको बहावका कारण स्थलमार्गबाट उद्धार गर्न कठिन हुन सक्छ ।

## २० मिनेटपछि...

सूचना पठाइएको थियो । समयमै सूचना पाएपछि नागरिक अग्लो स्थानतर्फ जान सकेको र यसले मानवीय क्षति हुन नदिन सहयोग गरेको प्राधिकरणको भनाइ छ ।

बुढीगण्डकीको बाढीले पहिरो र बाढीलाई अलग-अलग विपद्का रूपमा मात्र हेर्न नमिल्ने देखाएको छ । जुनसुकै मौसममा सुख्खा पहिरो जानसक्छ। पहिरोले नदीको बहाव रोक्न सक्छ । त्यसपछि जम्मा भएको पानी एकाएक बग्दा तल्लो तटीय बस्तीमा बाढी आउन सक्छ। त्यसैले जोखिमको पूर्वानुमान, समयमै सूचना प्रवाह र उद्धारको तयारीलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने देखिन्छ ।

## ड्रोनबाट...

जानकारी दिए । यसअवधिमा प्रहरीले पैदल, मोबाइल र ग्रामीण गस्ती गर्नेछन् । चेकप्वाइन्ट तथा ट्राफिक प्रहरीसहितको चेकजाँचको व्यवस्था मिलाइएको छ भने सरकारी एवं महत्त्वपूर्ण संस्थाहरू, कारागारलगायत कार्यालयको सुरक्षाको व्यवस्था मजबुत पारिएको छ । प्रहरीले चाडपर्व सुरक्षा योजनाको कार्यान्वयनमा ड्रोन, सिसिटिभी, ‘बडिवन’ क्यामरालगायत सञ्चार उपकरण र प्रविधिको प्रयोग गर्ने भएको छ ।

काठमाडौं उपत्यकालगायत प्रमुख सहरको मुख्य बजार तथा सपिङ मल, मार्ट, बैंक तथा वित्तीय संस्था, सुनचाँदी तथा बहुमूल्य वस्तुको कारोबार हुने क्षेत्रलाई विशेष निगरानीमा राखिएको छ । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय एवं ज्येष्ठ नागरिकमाथि हुन सक्ने हिंसामा शून्य सहनशीलताको रणनीति अपनाइने प्रवक्ता काफलेले बताए । त्यस्तै, उपत्यकाबाट बाहिरिने सवारीसाधनमा यात्रुलाई दुःख दिने, हैरानी दिने, टिकट महँगोमा बिक्री गर्ने, कालोबजारी गर्ने, सिट नभएको टिकट जारी गर्ने प्रवृत्ति अन्त्य गर्ने प्रहरीले लक्ष्य लिएको प्रहरीको भनाइ छ । चाडपर्वको समयमा नागरिकको सुरक्षा, सहज आवागमन, दुर्घटना न्यूनीकरण गर्नेमा प्रहरीको ध्यान केन्द्रित भएको प्रवक्ता काफ्लेले बताए । ‘चाडपर्वको बेलामा बढ्न सक्ने दुर्घटना कमी ल्याउन मातहतको निकायलाई निर्देशन भइसकेको छ,’ उनले भने, ‘यो चाडपर्वमा विगतको भन्दा अझ शान्त, सुरक्षित, मर्यादित, व्यवस्थित र भरपर्दो सुरक्षा व्यवस्थाको प्रबन्ध गरिएको छ ।’ प्रहरीले सुरक्षा व्यवस्थालाई कार्यसम्पादनसँग जोडेर हेरेको छ। ‘जिल्ला प्रहरी प्रमुख र प्रदेश प्रहरी कार्यालयको प्रमुखको कार्यसम्पादन सुरक्षा व्यवस्थासँग जोडेर हेरिएको छ,’ उनले भने।

त्यस्तै, २८ हजार बढीको संख्यामा जनशक्ति परिचालन गरेको सशस्त्र प्रहरी बल, नेपालले आवश्यकताअनुसार थप जनशक्ति परिचालन गर्न बताएको छ । त्यसका लागि थप ४ हजार ५०० जनशक्ति तयारी अवस्थामा राखिएको सशस्त्र प्रहरीबलका प्रवक्ता कार्कीले बताए। सशस्त्रले सीमावर्ती क्षेत्र तथा अन्य स्थानमा हुन सक्ने आपराधिक गतिविधि र अप्रिय घटना रोक्न आवश्यक स्रोतसाधन तथा प्रविधिसहित सुरक्षा तैनाथी बढाइएको उनले बताए। ‘सीमा क्षेत्रमा अपराध नियन्त्रणसँगै नेपाल प्रवेश गर्ने पर्यटक तथा नेपाली नागरिकको सुरक्षित र सहज आवागमनका लागि विशेष व्यवस्था गरिएको छ,’ उनले भने । नागरिकलाई आवश्यक सहयोग तथा विपद्का बेला उद्धारमा सहजीकरण गर्न भारत र चीनतर्फका समकक्षी सुरक्षा निकायसँग समन्वय गरी १४१ स्थानमा नागरिक सहायता कक्ष, १६ स्थानमा नागरिक स्वास्थ्य कक्ष र १३ स्थानमा पर्यटक सहायता कक्ष स्थापना गरेको उनको भनाइ छ । सीमावर्ती क्षेत्रमा समकक्षी सुरक्षा निकायसँगको समन्वयमा संयुक्त गस्तीसमेत सञ्चालन भइरहेको छ ।

‘अवैध हातहतियार, विस्फोटक पदार्थ तथा लागुऔषध पहिचानका लागि झापाको काँकडभिट्टा, पर्साको वीरगन्ज, रुपन्देहीको बेलहिया र बाँकेको जमुनाह नाकामा तालिमप्राप्त स्निफिङ डगसहितको के-९ टोली परिचालन गरिएको छ,’ प्रवक्ता कार्कीले भने, ‘चाडपर्वका समयमा हुनसक्ने आपराधिक गतिविधि नियन्त्रणसँगै मुख्य राजमार्गमा दुर्घटना न्यूनीकरण र तत्काल उद्धारका लागि ३७ स्थानमा एम्बुलेन्ससहितको आकस्मिक उद्धार टोली परिचालन गरिएको छ ।’

त्यस्तै, ठुला दुर्घटना वा विपद्मा एकैपटक धेरै घाइतेलाई अस्पताल पुऱ्याउनुपर्ने अवस्था आउन सक्ने कुरालाई ख्याल गर्दै सातै प्रदेश तथा काठमाडौं उपत्यकासहित १६ स्थानमा मास क्याजुअल्टी भेइकल (एमसिभी)समेत तैनाथ गरिएको सशस्त्र प्रहरीको भनाइ छ। सुरक्षा योजनाअन्तर्गत दैनिक ४१५ स्थानमा पिकेट, ४१८ स्थानमा चेक प्वाइन्ट, ६०१ वटा पैदल गस्ती, ५५५ वटा मोबाइल गस्ती र १८२ वटा लामो दूरीका गस्ती सञ्चालन हुनेछन् । त्यस्तै, १४६ वटा क्विक रेस्पोन्स टिम (क्युआरटी), १४ वटा बम डिस्पोजल टोली, ३७ वटा एम्बुलेन्स, २५१ वटा विपद् उद्धार टोली र ११ स्थानमा गोताखोर टोली २४सै घण्टा तयारी अवस्थामा रहने कार्कीले बताए ।

सीमावर्ती क्षेत्रको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै दैनिक ५०४ वटा सीमा नाका पिकेट, ४२ वटा सीमा लिंक पेट्रोल र ६ वटा बोर्डर इन्टऱ्याक्सन टिम (बिआइटी) परिचालन गरिएको छ। चाडपर्व अवधिभर आवश्यकताअनुसार समकक्षी सुरक्षा निकायसँग ९२४ वटा संयुक्त सीमा गस्ती सञ्चालन गर्ने योजनासमेत ल्याएको छ । सशस्त्र प्रहरीले अपराध नियन्त्रण र अनुसन्धानलाई प्रभावकारी बनाउन २१ वटा ड्रोन परिचालन गरेको छ भने सीमा नाकाका विभिन्न स्थानमा ४१२ वटा सिसिक्यामेरामार्फत सशस्त्र प्रहरी बलको प्रधान कार्यालय, बाहिनी, गण तथा सम्बन्धित युनिटबाट २४सै घण्टा निगरानी गर्ने व्यवस्था मिलाएको कार्कीले बताए ।

## विशेष...

सुरु भएको उपसभापति र महामन्त्रीको मतगणना अन्तिम चरणमा पुगेको छ । आइतबार साँझ ६ बजेदेखि सहमहामन्त्री र महिला केन्द्रीय सदस्यको मतगणना पनि सुरु गरिएको निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले जानकारी दिए ।

उपसभापतिमा भण्डारी अगाडि

प्रारम्भिक मतपरिणामले विशेष महाधिवेशन पक्षधर नेताहरूलाई प्रतिनिधिको समर्थन देखाएको छ । उपसभापतिका उम्मेदवार चन्द्रकान्त भण्डारीबाहेक अधिकांश पदाधिकारीमा विशेष महाधिवेशनको पक्षमा खुलेर लागेका नेता नै अघि देखिएका छन् । भण्डारी विशेष महाधिवेशनमा सहभागी भए पनि नेतृत्व चयनमा संलग्न थिएनन् । उनी १४औं महाधिवेशनमा डा. शेखर कोइराला समूहबाट उपसभापतिमा प्रतिस्पर्धा गरेका नेता हुन् । यसपटक उपसभापतिमा उनको पक्षमा सबैभन्दा बढी मत आएको छ ।

कांग्रेसका वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले यसअघि नै १५औं नियमित महाधिवेशनले विशेष महाधिवेशनको औचित्य पुष्टि गर्ने बताएका थिए । प्रारम्भिक मतपरिणामले उनको भनाइलाई बल पुऱ्याएको देखिन्छ ।

दुईजना निर्वाचित हुने खुला उपसभापति पदमा ६ जनाबीच प्रतिस्पर्धा छ। प्रारम्भदेखि अग्रस्थानमा रहेका भण्डारी जितनजिक देखिएका छन् । दोस्रो स्थानमा मधु आचार्य छन् भने तेस्रो र चौथो स्थानमा क्रमशः गोविन्द भट्टराई र सुरेन्द्र पाण्डे छन् । यी नेताहरू विशेष महाधिवेशनको विपक्षमा थिए। पछिल्लो समय भने उनीहरू पार्टीको मूलधारमा आएका हुन् । भण्डारीले विशेष महाधिवेशनलाई स्वीकार गरेका थिए भने आचार्य विशेष महाधिवेशन गराउने अभियानका अभियन्ता हुन् ।

समावेशी उपसभापतिमा विशेष महाधिवेशनकै समयमा साथ दिएका विनोद चौधरी अग्रस्थानमा छन् । उनलाई जीवन परियारले पछ्याइरहेका छन् । परियार महाधिवेशनको मिति तोकिएपछि मात्रै गगन थापा समूहमा आएका थिए । उनी १५औं महाधिवेशनबाट सहमहामन्त्री निर्वाचित भएका थिए । एकजना निर्वाचित हुने यो पदमा पाँचजना उम्मेदवार छन् ।

महामन्त्रीमा प्रदीप पौडेल अगाडि

पार्टी सभापतिपछिको कार्यकारी पद महामन्त्रीका लागि १० जनाले उम्मेदवारी दिएका छन् । दुई खुला र एक महिला महामन्त्री निर्वाचित हुने व्यवस्था छ । प्रारम्भिक मतगणनामा विशेष महाधिवेशन पक्षधर नेताहरू नै अगाडि छन् ।

विशेष महाधिवेशनबाट महामन्त्री बनेका प्रदीप पौडेल पुनः निर्वाचित हुने सम्भावना बलियो देखिएको छ । उनी अन्य उम्मेदवारभन्दा करिब तेब्बर मतसहित अग्रस्थानमा छन्। दोस्रो स्थानमा उदयशमशेर राणा छन् । उनी पनि विशेष महाधिवेशनबाट सहमहामन्त्री बनेका थिए । विशेष महाधिवेशनको बन्दसत्रमा सहभागी नभई पछि फर्किएका सुनील शर्मा तेस्रो स्थानमा छन् । महामन्त्रीको मुख्य प्रतिस्पर्धामा आउने आकलन गरिएका नैनसिंह महर भने निकै पछाडि छन् ।

महिला महामन्त्रीमा पनि विशेष महाधिवेशनमा सहभागी नेताबीच प्रतिस्पर्धा छ । विशेष महाधिवेशनबाट सहमहामन्त्री बनेकी डा. डिला संग्रौला (पन्त) र महाधिवेशनको पूर्वसन्ध्यामा समायोजनमा आएर केन्द्रीय सदस्य बनेकी पूर्वसहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना)बीच कडा प्रतिस्पर्धा भइरहेको छ । पछिल्लो मतपरिणाममा डिनाले डिलालाई चुनौती दिएकी छन् ।

विशेष महाधिवेशनको प्रभाव

प्रारम्भिक मतपरिणामले विशेष महाधिवेशन पक्षधर नेताहरूलाई प्रतिनिधिले प्राथमिकता दिएको संकेत गरेको छ । थापा महामन्त्री हुँदा पार्टीको विधानमा २५ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर विशेष महाधिवेशन बोलाउन सक्ने व्यवस्था थियो। सोही व्यवस्थाअनुसार ४७ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरेर विशेष महाधिवेशन बोलाइएको थियो ।

त्यस अभियानका नेताहरूले यसपटक पनि राम्रो मत पाइरहेका छन् । प्रारम्भिक नतिजाले एकाधबाहेक अधिकांश पदाधिकारी र केन्द्रीय सदस्यमा विशेष महाधिवेशन पक्षधरलाई प्रतिनिधिले रोज्न सक्ने संकेत गरेको छ ।

निर्वाचन समितिका सदस्यसचिव कटुवालका अनुसार, उपसभापति र महामन्त्रीको मतगणना अन्तिम चरणमा पुगेको छ । सहमहामन्त्री र सदस्यहरूको मतगणना पनि भइरहेको छ । निर्वाचनको पूर्ण परिणाम आउन अझै केही दिन लाग्ने उनले बताए ।

## साउदीमा...

अपडेटअनुसार, हिमालय एयरलाइन्सका काठमाडौं-दमाम दुवैतर्फका उडान रद्द भएका छन् ।

हिमालय एयरलाइन्सले आइतबारका लागि निर्धारित काठमाडौं-दमाम र दमाम-काठमाडौंका दुवै उडान रद्द गरेको छ ।

एयरलाइन्सले यात्रुहरूको सुरक्षालाई प्राथमिकता दिँदै उडान रद्द गरिएको जनाएको छ । तर, उडान रद्द गर्नुको विस्तृत कारण तथा प्रभावित यात्रुका लागि वैकल्पिक उडानबारे जानकारी दिइएको छैन। प्रभावित यात्रुहरूलाई थप जानकारीका लागि एयरलाइन्सको आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जाल हेर्न अनुरोध गरिएको छ ।

साउदी अरेबियाले कुवेतबाट आउने स्थलमार्ग प्रयोग गर्न आफ्ना नागरिकहरूलाई आग्रह गरेको छ । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले साउदी अरेबियाविरुद्ध लडाइँमा रहेका हुथी विद्रोहीलाई साउदी अरेबियाको क्षेत्रीय प्रतिद्वन्द्वी इरानले लामो दूरीमा प्रहार गर्न सक्ने हतियार उपलब्ध गराएको बताएका छन् । साउदी अरबमा रहेका पश्चिमा देशका कूटनीतिक नियोगहरूले आफ्ना नागरिकहरूलाई विमानस्थलदेखि टाढै रहन अनुरोध गरेका छन् । साउदीमा हमलापछि खाडी देशका कैयौं हवाई कम्पनीले साउदीका लागि आफ्ना उडान रद्द गरेका छन् ।

## सीपयुक्त...

सीप र सीपअनुसारको रोजगार दिन तालिम र सीप प्राप्त जनशक्तिलाई रोजगारसँग जोडनुपर्छ, कतिले तालिम पाए भन्ने कुराले महत्व राख्दैन, कतिले रोजगारी पाए, कतिले आर्थिक उन्नति गरे त्यसले महत्व राख्दछ, त्यसका लागि सबै लाग्नुपर्छ ।’

बजारले खोजेको सीप र उत्पादन भइरहेको जनशक्तिबीच ठुलो खाडल रहेको चर्चा गर्दै मन्त्री यादवले युवालाई सीप सिक्न नहिचकिचाउन तथा विदेश जाने युवालाई सीपयुक्त दक्ष तथा सुरक्षित श्रमिकका रूपमा मात्र पठाउने र स्वदेशमै रहनेहरूका लागि सम्मानजनक रोजगारी सिर्जना गर्ने सरकारको प्राथमिकतालाई यस प्रकारको सीप केन्द्रले टेवा पुग्ने बताए। उनले सरकार, निजी क्षेत्र, तालिम प्रदायक संस्था र स्थानीय तहबीचको सहकार्य अपरिहार्य रहेको उल्लेख गरे ।

कार्यक्रममा एभरेस्ट मल्टी स्किल प्रा.लि.का अध्यक्ष खगेन्द्र न्यौपानेले हातमा सीप नभएका श्रीमक विदेश जाँदा निकै दुःख पाउने गरेको र पारिश्रमिक पनि कम पाउन गरेको बताउँदै सीप लिएर गएका जनशक्तिले विदेशमा सजिलो एवं पारिश्रमिक पनि राम्रो पाउने गरेको बताए ।

विगत २५ वर्षदेखि मलेसियामा बसेर व्यवसाय गर्दै आएका उनले विदेश जाँदा होस् वा स्वदेशमै रोजगारी खोज्दा हातमा सीप र कला भएमा राम्रो तलब र अवसर पाइने बताए ।

अध्यक्ष न्यौपानेले भक्तपुरमा सञ्चालनमा आएको तालिम केन्द्रले देशमा रहेको अदक्ष र अर्धदक्ष जनशक्तिलाई पूर्ण दक्ष जनशक्ति बनाउने र सहज रूपमा विदेशमा रोजगारीका लागि जानसक्ने जानकारी दिए ।

कार्यक्रम सञ्चालक अनन्तराम खतिवडाले विदेशमा लामो समय व्यावसायिक रूपमा रहेर अनुभवी चार जना व्यवसायीको समूहले तालिम केन्द्र सञ्चालनमा ल्याएको बताउँदै आवासीय यस तालिम केन्द्रमा सिटिइभिटीबाट ३० वटा तालिमको अनुमति लिएर १५० शय्याको आवासीय तालिम केन्द्र सञ्चालनमा ल्याएको जानकारी दिए । कार्यक्रममा भक्तपुर क्षेत्र नं. २ का सांसद राजीव खत्रीले सरकारले प्रत्येक नागरिकलाई सीप दिने योजना बनाएको बताउँदै त्यस्तो योजनालाई यसप्रकारको निजी तालिम प्रदायक संस्थाले सहयोग पुग्ने बताए ।

# बुढीगण्डकी बाढीप्रभावित क्षेत्रमा आवश्यक कदम चालिसक्यौं : प्रधानमन्त्री

**काठमाडौं/मस**-प्रधानमन्त्री बालेन शाहले गोरखाको बुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रमा उद्धार, राहत तथा क्षतिग्रस्त पूर्वाधार पुनः सञ्चालनका लागि आवश्यक कदम अघि बढाइसकेको बताएका छन् ।

गोरखाको चुमनुब्री गाउँपालिका-६ स्थित लोक्पादेखि चुम्लिङको बीचमा आइतबार बिहान गएको पहिरोका कारण बुढीगण्डकी नदीमा लेदोसहितको बाढी आएको थियो । बाढीले तल्लो तटीय क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ भने पाँच जना बेपत्ता भएको सूचना प्राप्त भएको छ। उनीहरूको खोजी कार्य तीव्र पारिएको छ ।



बाढीले झोलुंगे तथा पक्की पुल, टेलिफोन टावर, बिजुलीका पोल, निर्माणाधीन बुढीगण्डकी जलविद्युत् आयोजनाको क्याम्प क्षेत्र, निर्माण उपकरण र आसपासका घरहरू बगाएको छ ।

बाढीको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय आरुघाटबाट प्रहरी टोली परिचालन गरी नदी तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सारिएको थियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बिहान ६ बजे गोरखा, धादिङ, तनहुँ, चितवन, नवलपरासी (पूर्व) र नवलपरासी (पश्चिम) जिल्लाका २२१ जना प्रतिकार्यकर्तालाई तत्काल परिचालन हुन एसएमएसमार्फत सूचना पठाएको थियो।

त्यस्तै, जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र र बाढी पूर्वानुमान महाशाखामार्फत गोरखादेखि धादिङ हुँदै चितवनको बेनिघाटसम्मका सर्वसाधारणलाई दुईपटक गरी करिब दुई लाख एसएमएसमार्फत पूर्वसूचना सम्प्रेषण गरिएको थियो ।

बाढी प्रभावित गोरखाको सल्लेरीस्थित निर्माणाधीन बुढीगण्डकी जलविद्युत् आयोजनाका १२ कर्मचारीसहित ४८ जनाको उद्धार गरी सुरक्षित स्थानमा राखिएको छ। प्रभावित क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी रहेको प्रधानमन्त्री शाहले बताएका छन् ।

उद्धार तथा प्रतिकार्यका लागि नेपाली सेनाका तीनवटा स्पेसल फोर्ससहित १२७ जना, नेपाल प्रहरीका १३३ जना र सशस्त्र प्रहरी बल नेपालका १७७ जना गरी ४३७ सुरक्षाकर्मी परिचालन गरिएको छ । नेपाली सेनाका चारवटा हेलिकप्टरसमेत प्रभावित क्षेत्रमा परिचालन गरिएको छ।

बाढी आउनुको कारण पत्ता लगाउन भूगर्भविद्सहित तीनजनाको टोली ड्रोन लिएर प्रभावित क्षेत्रमा खटिएको छ । नेपाल प्रहरीको विपद् प्रतिकार्य तथा तालिम केन्द्रमा थप ५० जनाको टोलीलाई परिचालनका लागि तयारी अवस्थामा राखिएको छ ।

क्षतिग्रस्त सडक सञ्चालनमा ल्याउन तथा बेलीब्रिज जडानको सम्भाव्यता अध्ययन गर्न सडक विभाग र स्थानीय पूर्वाधार विकास विभागका महानिर्देशकसहितको टोली परिचालन गरिएको छ । आरुघाटमा बेलीब्रिज जडानको तयारीसमेत थालिएको छ ।

गोरखा, लमजुङ र तनहुँका जिल्लास्तरीय द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकसहित स्वास्थ्यकर्मीलाई तयारी अवस्थामा राखिएको छ। प्रभावित क्षेत्रमा अलपत्र परेका पर्यटकको उद्धारका लागि सम्बन्धित मन्त्रालय र कम्पनीहरूलाई निर्देशन दिइएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् प्रतिकार्य कमान्ड पोस्टले बाढीको निरन्तर अनुगमन, जोखिम विश्लेषण, सूचना सम्प्रेषण तथा उद्धार र राहत कार्यका लागि सम्बन्धित निकायसँग समन्वय गरिरहेको जनाएको छ ।

बुढीगण्डकी नदीको तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा रहन, जोखिमयुक्त पुल तथा सडकबाट आवतजावत नगर्न र स्थानीय प्रशासन तथा सुरक्षा निकायका निर्देशन पालना गर्न आग्रह गरिएको छ ।

# निजी विद्यालयलाई ट्रस्ट होइन, कम्पनीका रूपमा सञ्चालन गर्न दिनुपर्ने माग

**काठमाडौं/मस**-निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) का अध्यक्ष कृष्ण अधिकारीले निजी विद्यालयलाई ट्रस्टमा नभई कम्पनीका रूपमा सञ्चालन गर्न दिनुपर्ने माग गरेका छन् ।



आइतबार ललितपुरमा आयोजित 'शिक्षा विधेयकमा निजी विद्यालयको लगानी सुरक्षाको सवाल' विषयक वृहत् शैक्षिक बहस कार्यक्रममा बोल्दै उनले निजी विद्यालयलाई सेवामूलक, लोककल्याणकारी र गैरनाफामूलक संस्थाका रूपमा सञ्चालन गर्ने प्रस्तावप्रति असहमति जनाएका हुन् ।

अध्यक्ष अधिकारीले शिक्षा ऐन बनाउँदा निजी विद्यालयमा भएको लगानीको सुरक्षा र विद्यालयको दीर्घकालीन सञ्चालन सुनिश्चित हुने व्यवस्था गर्नुपर्ने बताए । संस्थापकको मृत्यु वा अन्य कारणले विद्यालय बन्द हुनुपर्ने अवस्था आउन नदिन कानुनी व्यवस्था आवश्यक रहेको उनको भनाइ थियो ।

उनले निजी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई श्रम ऐनअनुसार पारिश्रमिक दिन आफूहरू तयार रहेको बताए । शिक्षा ऐनमा संस्थागत विद्यालयको लगानी सुरक्षाको सुनिश्चितता भए कर्मचारीलाई सामाजिक सुरक्षा कोष (एसएसएफ) मा आबद्ध गराउने र पारिश्रमिक बैंकिङ प्रणालीमार्फत भुक्तानी गर्नसमेत प्रतिबद्ध रहेको उनले बताए ।

अधिकारीले निजी विद्यालयमा अध्ययनरत १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति दिन नसकिने स्पष्ट पारे । आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई सरकारी विद्यालयमा निःशुल्क वा सहुलियतमा अध्ययनको व्यवस्था गर्नुपर्ने र शुल्क तिर्न सक्ने विद्यार्थीलाई निजी विद्यालयले गुणस्तरीय शिक्षा उपलब्ध गराउने उनको भनाइ थियो ।

'स्कलरसिपमा पनि यो १० प्रतिशत नभन्नुहोस्। स्कलरसिपमा पढ्ने विद्यार्थी नै गरिब हुन्। तिनलाई नेपाल सरकारको स्कुलमा पढाइदिउँ। फि तिर्न सक्ने विद्यार्थीहरू हाम्रा स्कुलमा पढुन्, तिनलाई हामी क्वालिटी स्कुल दिन्छौं,' उनले भने ।

स्थानीय तहलाई विद्यालय शिक्षासम्बन्धी अधिकार दिँदा निजी विद्यालयले कमाए भन्ने दृष्टिकोण राख्न नहुने बताउँदै उनले आफूहरू नाफा कमाउने उद्देश्यले विद्यालय सञ्चालनमा आएको उल्लेख गरे ।

'हामी कमाउनको लागि नै आएको हो, जोगी हुन आएको हामी होइन। जोगी हुन स्कुल खोलेको चाहिँ हामीले हुँदै होइन,' उनले भने ।

अध्यक्ष अधिकारीले सरकारले उपलब्ध गराउने सुविधाअनुसार निजी विद्यालयले मासिक तथा वार्षिक शुल्क घटाउनसमेत आफूहरू तयार रहेको बताए ।

# प्रधानमन्त्री राहत कोषमा मौज्दात १७ अर्ब ५४ करोड पुग्यो

**काठमाडौं/मस**-रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम जारी रहँदा दुवै कोषका विभिन्न खातामा मौज्दात रकम १७ अर्ब ५४ करोड ४२ लाख ८९ हजार ६७८ रुपैयाँ पुगेको छ।




प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार असोज २५ गतेसम्म कोषका विभिन्न खातामा उक्त रकम मौज्दात रहेको हो ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा १२ अर्ब ९५ करोड १६ लाख ३१ हजार २०१ रुपैयाँ मौज्दात रहेको छ । त्यस्तै, हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका अमेरिकी डलर खातामा २ करोड ९७ लाख २९ हजार ९७२ अमेरिकी डलर जम्मा भएको छ ।

सरकारले उक्त कोषमा जम्मा भएको रकममध्ये यसअघि बाढी प्रभावित क्षेत्रका लागि एक अर्ब रुपैयाँ निकासा गरिसकेको छ ।

# दोधारा-चाँदनी झोलुंगे पुल मर्मत गर्न एक करोड बजेट

**कञ्चनपुर/मस**-सुदूरपश्चिम प्रदेश सरकारले कञ्चनपुरको भीमदत्त र दोधारा-चाँदनी नगरपालिका जोड्ने महाकाली नदीमाथिको झोलुंगे पुल मर्मतका लागि एक करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।



प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेशसभामा पेस गरेको बजेटमा पुल मर्मतका लागि उक्त रकम छुट्याएको आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्लले जानकारी दिएका छन् । केही दिनअघि महाकाली नदीमा आएको बाढीले पुलको पिलर भत्काएपछि झोलुंगे पुल नदीमा खसेको थियो । पुल भत्किएपछि स्थानीयको आवतजावत प्रभावित बनेको छ ।

विसं २०६१ मा निर्माण भएको उक्त पुल क्षतिग्रस्त भएपछि सुदूरपश्चिमका मुख्यमन्त्री खगराज भट्टसहित प्रदेश सरकारका मन्त्रीहरूले घटनाकै दिन पुलको निरीक्षण गरेका थिए ।

क्षतिग्रस्त पुलको सुदूरपश्चिम प्रदेश सरकार र सङ्घीय सरकारको प्राविधिक टोलीले प्रारम्भिक प्राविधिक अध्ययन गरिसकेको छ । नदीमा पानीको बहाव कम भएपछि अन्य पिलरको अवस्थासमेत अध्ययन गरिने जनाइएको छ ।

प्राविधिक अध्ययनपछि आवश्यक मर्मतको काम सुरु गरिनेछ। पुल मर्मत सम्पन्न गर्न करिब एक वर्ष लाग्ने प्राविधिक टोलीले जनाएको छ ।

# पृथ्वी राजमार्ग दुईतर्फी सञ्चालन, बिपीमा दसैंलक्षित मर्मत तीव्र

**काठमाडौं/मस**-त्रिशूली नदीको कटानका कारण सडक भासिएर अवरुद्ध भएको पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरीस्थित गलौंदी खण्डमा दुईतर्फी यातायात सञ्चालनमा आएको छ। यता, दुई वर्षअघिको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गमा पनि पुनर्निर्मित सडकबाटै सवारीसाधन सञ्चालन भइरहेका छन् । दसैंमा यात्रालाई सहज बनाउन दुवै राजमार्गमा मर्मत तथा व्यवस्थापनका काम अघि बढाइएको छ।



जिल्ला प्रशासन कार्यालय धादिङले आइतबार सूचना जारी गर्दै गजुरी गाउँपालिका-५ गलौंदी क्षेत्रमा सडक मर्मतपछि दुईतर्फी यातायात सञ्चालनमा आएको जनाएको छ। प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय (गौतम) का अनुसार मर्मत कार्य सम्पन्न गरी सवारी आवागमन सुचारु गरिएको हो ।

यसअघि त्रिशूली नदीको कटानका कारण सडक भासिएपछि प्रशासनले अर्को सूचना जारी नभएसम्मका लागि उक्त राजमार्ग हुँदै चल्ने सम्पूर्ण सवारी साधनमा रोक लगाएको थियो। त्यसपछि सडकनजिकै डाइभर्सन निर्माण गरी साना तथा मझौला सवारीसाधन सञ्चालनमा ल्याइएको थियो ।

हाल सडक मर्मतपछि दुईतर्फी आवागमन सुरु भए पनि जोखिम पूर्ण रूपमा नहटेको प्रशासनले जनाएको छ । सडकका केही स्थानमा मर्मत कार्य जारी रहेकाले चालक, यात्रु तथा सर्वसाधारणलाई सावधानीपूर्वक यात्रा गर्न प्रशासनले आग्रह गरेको छ ।

प्रशासनले सडकको जोखिमलाई ध्यानमा राख्दै सवारीसाधन सञ्चालन गर्दा सतर्कता अपनाउन र सम्भावित दुर्घटनाबाट बच्न आवश्यक सावधानी अपनाउन अनुरोध गरेको छ ।

**बिपी राजमार्गमा पुनर्निर्मित सडकबाटै आवागमन**

यस्तै, काभ्रेपलाञ्चोकतर्फ दुई वर्षअघि बाढीपहिरोले क्षतिग्रस्त बीपी राजमार्गमा अहिले पुनर्निर्मित सडकबाटै सवारीसाधन सञ्चालन भइरहेका छन् । आगामी दसैंलाई लक्षित गरी सडक आवागमन थप सहज बनाउन मर्मत तथा व्यवस्थापनको काम भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

विसं २०८१ असोजमा आएको बाढीपहिरोले बिपी राजमार्गको करिब ३० किलोमिटर सडक क्षतिग्रस्त बनाएको थियो । त्यसपछि रोशी खोलामा अस्थायी डाइभर्सन निर्माण गरेर सवारीसाधन सञ्चालन गरिँदै आएको थियो । तर, यही असोजको पहिलो साताको अविरल वर्षापछि आएको बाढीले डाइभर्सन बगाएपछि पुनर्निर्मित सडकबाटै यातायात सञ्चालन गर्न थालिएको हो ।

डिभिजन सडक कार्यालय भक्तपुरका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशका अनुसार एक-दुई स्थानमा सडक साँघुरो भएकाले डाइभर्सन निर्माण गरी दुईतर्फी आवागमन गराइएको छ। अन्य स्थानमा भने सवारीसाधन सञ्चालन गर्न खासै समस्या नरहेको उनले बताएका छन् ।

उनका अनुसार चौकीडाँडा र पिन्थली क्षेत्रमा भिरालो भएकाले सडक मर्मत भइरहेको छ । ती स्थानमा आवश्यकताअनुसार डाइभर्सनसमेत प्रयोग गरिएको छ। त्यस्तै, डालाबैंसी-पिप्ले सडकखण्डको करिब २०० मिटर क्षेत्रमा डाइभर्सनबाट यातायात सञ्चालन भइरहेको छ ।

पुनर्निर्मित सडकबाट आवागमन भइरहेकाले हाल जामको समस्या नरहेको कार्यालयको भनाइ छ । वर्षाका कारण सडक माथिबाट लेदो वा पहिरो आएर अवरुद्ध भएमा तत्काल खुलाउने गरी आवश्यक सामग्री तथा उपकरणको व्यवस्थापन गरिएको योगेशले बताएका छन् । 'दसैंलाई लक्षित गरी वर्षालगायत कारण सडक अवरुद्ध भइहाले आधा घण्टामै खुलाउने गरी तयारी भइसकेको छ, यसका लागि आवश्यक उपकरणसमेत तयारी अवस्थामा राखिएकोछ,' उनले भने ।

**वर्षाले पाँच दिन अवरुद्ध भएको थियो राजमार्ग**

असोजको पहिलो सातादेखि परेको अविरल वर्षाका कारण रोशी खोलाको डाइभर्सन बगाउनुका साथै विभिन्न स्थानमा पहिरो र लेदो खसेपछि बीपी राजमार्ग पाँच दिनसम्म पूर्ण रूपमा अवरुद्ध भएको थियो । त्यसपछि पुनर्निर्माण गरिएको पुरानै सडकको ट्र्याकबाट सवारीसाधन सञ्चालन गराइएको हो ।

कार्यालयले पछिल्ला केही महिनादेखि क्षतिग्रस्त सडकको पुनर्निर्माणलाई तीव्रता दिँदै आएको थियो । अधिकांश स्थानमा ग्राभेल गर्ने काम पूरा भएको छ भने केही स्थानमा ठूला ढुंगा राखेर सडक तयार गरिएको छ ।

वर्षायामअघि सडकलाई खोलाबाट करिब सात मिटर उचाइसम्म निर्माण गरी ग्राभेल गरिएको छ। हिउँद लागेपछि खोलाबाट करिब १० मिटर उचाइसम्म सडक निर्माण गरी कालोपत्र गर्ने योजना रहेको कार्यालयले जनाएको छ। कतिपय स्थानमा आरसिसी पर्खालको जग निर्माण सम्पन्न भई थप काम भइरहेको छ ।

कार्यालयले चौकीडाँडा, चारसयबैंसी, घुमाउनेबैंसी, बोक्सीकुना, चिउरीबास, कालढुंगा तथा पिप्ले-बर्खेखोला क्षेत्रलाई उच्च जोखिमयुक्त स्थानका रूपमा पहिचान गरेको छ। ती स्थानमा वर्षाका कारण सडक अवरुद्ध हुन सक्ने भएकाले आवश्यक उपकरण तयारी अवस्थामा राखिने जनाइएको छ।

**आठ अर्ब ५० करोडको स्रोत सहमति**

बीपी राजमार्गको क्षतिग्रस्त सडक पुनर्निर्माणका लागि सरकारले आठ अर्ब ५० करोड रुपैयाँको स्रोत सहमति दिएको छ । त्यसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डका लागि सात अर्ब ५० करोड र सिन्धुलीतर्फको एक सडकखण्डका लागि एक अर्ब रुपैयाँको स्रोत सहमति दिइएको हो ।

क्षतिग्रस्त चार खण्डमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको तीन दशमलव दुई किलोमिटर सडक जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले पुनर्निर्माण गरिरहेको छ । उक्त खण्डमा माटो भर्ने र ठूला ढुंगा राख्ने काम गरिएको छ। यस क्षेत्रमा वर्षाका समयमा पनि खोलाबाटै सवारीसाधन चलाउनुपर्ने अवस्था नरहेको कार्यालयले जनाएको छ ।

राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेजमा ठेक्का सम्झौता गरेर काम अघि बढाइएको छ ।

पुनर्निर्माणपछि राजमार्गलाई स्तरोन्नति गरी दुई लेनको बनाउने योजना छ। सडकसँगै पुलहरू पनि दुई लेनका बनाइनेछ। हाल रहेका पुलसँगै थप पुल निर्माण गर्ने र पाँचवटा पुललाई दुई लेनमा स्तरोन्नति गर्ने योजना रहेको योगेशले बताएका छन्। त्यस्तै, तीनवटा सडकखण्डमा कुल छ दशमलव तीन किलोमिटर आरसिसी पर्खाल निर्माण गरिनेछ ।

**जापानको सहयोगमा बनेको राजमार्ग**

धुलिखेल-सिन्धुली-बर्दिबास जोड्ने १६० किलोमिटर लामो बीपी राजमार्गको निर्माण जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट सुरु भएको थियो । खण्डखण्डमा निर्माण सम्पन्न गरिएको उक्त राजमार्ग २०७२ असार १८ गते जापान सरकारले औपचारिक रूपमा नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो ।

नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई राजधानी काठमाडौंसँग जोड्ने छोटो दूरीको मार्गका रूपमा रहेको बिपी राजमार्गमा बाढीपहिरोका कारण पटकपटक यातायात अवरुद्ध हुँदै आएको छ ।

# लोकन्थलीमा ८४ लाख बढीको धनमाल चोरी

**काठमाडौं/मस**-भक्तपुरको मध्यपुरथिमि नगरपालिका-१ लोकन्थलीस्थित एक घरबाट सुनका गरगहना, ल्यापटप र नगदसहित ८४ लाख ७६ हजार ७०० रुपैयाँ बराबरको धनमाल चोरी गरेको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले चोरी गर्ने तथा चोरी भएका सुनका गरगहना खरिदबिक्री गर्ने कार्यमा संलग्न रहेको आरोपमा उनीहरूलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरेको हो । पक्राउ पर्नेमा धादिङको धुनिबेंसी नगरपालिका-१ छात्रेदेउरालीका २८ वर्षीय सिजल तामाङ भन्ने राजन स्याङ्बो, दोलखाको भीमेश्वर नगरपालिका-७ मकैबारीकी २७ वर्षीया रिया कार्की, सुनसरीको इटहरी उपमहानगरपालिका-१६ एकम्बाका ३३ वर्षीय प्रकाश कडुवाल रहेका छन् ।

त्यस्तै, काठमाडौं महानगरपालिका-१३ ताहाचलका ३७ वर्षीय रोमन श्रेष्ठ र नुवाकोटको विदुर नगरपालिका-१२ चारघरेका ४५ वर्षीय जितबहादुर विश्वकर्मा पनि पक्राउ परेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार घरमा कोही नभएको मौका छोपी आरोपितहरू घरभित्र प्रवेश गरेका थिए। उनीहरूले घरबाट सुनका गरगहना, ल्यापटप र नगद चोरी गरी फरार भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

घटनापछि चोरीमा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजतलास गर्ने क्रममा पाँच जना पक्राउ परेका हुन् । चोरी गर्ने र चोरी गरिएका गरगहना खरिदबिक्री गर्ने कार्यमा संलग्न रहेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको कार्यालयले जनाएको छ ।

प्रहरीले पक्राउ परेका व्यक्तिहरूको साथबाट चोरी भएको आशंकामा विभिन्न सामान बरामद गरेको छ। बरामद सामानमा सुनको तिलहरी एक थान, सिक्री एक थान, बाला एक थान, औंठी चार थान, झुम्का एक जोर, गणेशको लकेट एक थान र सुनको टुक्रा एक थान रहेका छन् ।

त्यस्तै, चाँदीका औंठी दुई थान, डेल कम्पनीको ल्यापटप एक थान र विभिन्न कम्पनीका मोबाइल तीन थानसमेत बरामद गरिएको कार्यालयले जनाएको छ ।

प्रहरीले उनीहरूको साथबाट फलामको औजार एक थान र नेपाली नगद दुई लाख ७० हजार रुपैयाँ पनि बरामद गरेको छ। बरामद सुनका गरगहनाको कुल तौल छ तोला ८९ लाल रहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिएका छन् ।

चोरी भएको भनिएको धनमालको मूल्य ८४ लाख ७६ हजार ७०० रुपैयाँ रहेको भए पनि प्रहरीले हालसम्म बरामद गरेका सामानको विवरण छुट्टै सार्वजनिक गरेको छ । बरामद भएका सबै सामान चोरी भएको धनमालसँग सम्बन्धित छन् वा छैनन् भन्ने विषयमा अनुसन्धानबाट थप खुल्नेछ ।

लोकन्थलीको घरमा भएको चोरीको घटनाबारे अनुसन्धान गर्ने क्रममा प्रहरीले आरोपितहरूको पहिचान गरी पक्राउ गरेको जनाएको छ । चोरी भएका गरगहनाको खरिदबिक्रीमा संलग्न रहेको आरोपमा पक्राउ परेका व्यक्तिहरूमाथि पनि अनुसन्धान भइरहेको छ ।

पक्राउ परेका पाँचै जनालाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि प्रहरी वृत्त ठिमी, भक्तपुर पठाइएको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिएका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
२६ असोज २०८३ सोमबार
12 October 2026 Monday

## सम्पादकीय

# सुरक्षित बनोस् दसैं

दसैं उल्लास र उमंगको पर्व हो । परिवारसँग भेटघाट गर्ने, आफन्तसँग खुसी साट्ने र गाउँघर फर्किने समय पनि हो । तर चाडपर्वको खुसी सुरक्षित वातावरणमा मात्र सम्भव हुन्छ । चोरी, लुटपाट, ठगी, कालोबजारी, सवारी दुर्घटना र अन्य आपराधिक गतिविधिले दसैंको खुसी खोस्न सक्छन् । यसैलाई दृष्टिगत गर्दै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले दसैं, तिहार, नेपाल संवत् र छठलाई लक्षित गरी विशेष सुरक्षा योजना लागू गरेका छन् । नेपाल प्रहरीले ५० हजारभन्दा बढी र सशस्त्र प्रहरीले २८ हजार १२६ जना सुरक्षाकर्मी परिचालन गरेका छन् । थप चार हजार ५०० सशस्त्र प्रहरी तयारी अवस्थामा राखिएको छ । ड्रोन, सिसिटिभी र शरीरमा जडान गरिने क्यामराको प्रयोगबाट निगरानी गर्ने तयारी पनि गरिएको छ ।

यात्रु सहायता कक्ष, सीमा सहायता केन्द्र, गस्ती र जाँचलाई प्रभावकारी बनाउने योजना छ । मुख्य राजमार्गमा दुर्घटना न्यूनीकरण र तत्काल उद्धारका लागि ३७ स्थानमा एम्बुलेन्ससहितको टोली परिचालन गरिएको छ । सम्भावित ठुला दुर्घटनालाई ध्यानमा राखेर उद्धार टोलीसमेत तयारी अवस्थामा राखिएको छ । यी प्रयासले नागरिकलाई सुरक्षित यात्राको वातावरण बनाउन सहयोग पुग्न सक्छ । तर सुरक्षाकर्मीको संख्या बढाउँदैमा सबै चुनौती समाधान हुँदैनन् । सुरक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्छ । बजारमा कृत्रिम अभाव सिर्जना गर्ने, म्याद गुज्रिएका तथा मिसावटयुक्त वस्तु बेच्ने, टिकटमा ठगी गर्ने र यात्रुलाई दुःख दिने प्रवृत्तिमाथि कडा निगरानी आवश्यक छ । बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल र भिडभाड हुने बजार क्षेत्रमा पनि सुरक्षा सतर्कता बढाउनुपर्छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लैंगिक र यौनिक अल्पसंख्यक समुदायको सुरक्षालाई विशेष प्राथमिकता दिनुपर्छ ।

चाडपर्वमा घर खाली गरेर गाउँ जानेको संख्या पनि ठुलो हुन्छ । घरको सुरक्षामा ध्यान दिने, अपरिचित व्यक्तिसँग सावधानी अपनाउने र शंकास्पद गतिविधिबारे प्रहरीलाई जानकारी दिने बानी आवश्यक छ । मादकपदार्थ सेवन गरेर सवारी चलाउने, तीव्र गतिमा गाडी हाँक्ने र क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृत्ति रोक्न नागरिक स्वयं पनि सचेत हुनुपर्छ ।

दसैंको खुसी कसैको असावधानी वा अपराधका कारण दुःखमा बदलिनु हुँदैन । सुरक्षा निकायले योजना कागजमा मात्र सीमित नराखी प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । नागरिकले पनि नियम पालना गर्दै जिम्मेवार व्यवहार गर्नुपर्छ । सुरक्षित यात्रा, भरपर्दो सुरक्षा र सहज बजार व्यवस्था सुनिश्चित गर्न सके मात्र दसैं सबैका लागि खुसीको पर्व बन्न सक्छ ।

# हिमालयको चेतावनी र नेपालको प्रश्न

नेपालको जलवायु संकट वातावरणीय मुद्दा मात्र होइन, विकास र न्यायको प्रश्न पनि हो । संयुक्त राष्ट्रसंघमा प्रधानमन्त्रीले हिमालयको जोखिम, अन्तर्राष्ट्रिय जलवायु वित्त र क्षेत्रीय सहकार्यको आवश्यकता उठाउनुभएको छ । अब यी प्रतिबद्धतालाई नीति, बजेट र व्यवहारमा उतार्दै पूर्वसूचना, सुरक्षित पूर्वाधार र स्थानीय अनुकूलनलाई प्राथमिकता दिन आवश्यक छ ।

अग्रलेख



● शिरोमणि दवाडी

भोटेकोशीको विनाशकारी बाढीको डेढ महिनापछि २५ असोजमा बुढीगण्डकीमा उस्तै प्रकृतिको आकस्मिक बाढी आएको छ । यसवर्षका यी दुई विपद्को मुख्य कारण जलवायु परिवर्तनलाई मानिएको छ । त्यसैले जलवायु परिवर्तन अब वातावरणीय मुद्दामा मात्र सीमित रहेन । यसले मानव जीवन, अर्थतन्त्र, खाद्य सुरक्षा, पूर्वाधार, स्वास्थ्य र भावी पुस्ताको भविष्यलाई प्रत्यक्ष प्रभावित गरिरहेको छ । नेपालका लागि यो झन् गम्भीर विषय बनेको छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि जलवायु परिवर्तनका असर भने असमान रूपमा भोग्नुपरेको छ । हिमनदी खुम्चिनु, हिमतालको जोखिम बढ्नु, अतिवृष्टि, बाढी, पहिरो, खडेरी र कृषि प्रणालीमा देखिएको अस्थिरता यसका प्रत्यक्ष संकेत हुन् ।

यही वास्तविकतालाई प्रधानमन्त्री बालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा नेपालको तर्फबाट अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्नुभएको छ । सेप्टेम्बर २४ मा महासभाको सामान्य बहसमा गरिएको सम्बोधनमा भोटेकोशी-त्रिशूली विपद्, हिमालयको जलवायु जोखिम, जलवायु न्याय, अन्तर्राष्ट्रिय जलवायु वित्त र क्षेत्रीय सहकार्यका विषय समेटिएका छन् ।

प्रधानमन्त्रीको सम्बोधनलाई कूटनीतिक भाषणमा मात्र सीमित नगरी नेपालको जलवायु संकटबारे अन्तर्राष्ट्रिय बहसमा प्रस्तुत राजनीतिक तथा नीतिगत दृष्टिकोणका रूपमा हेर्न सकिन्छ ।





**हिमालयबाट विश्वलाई चेतावनी**

प्रधानमन्त्रीले सम्बोधनको सुरुवात नेपालबाट मानवताका लागि आएको चेतावनीबाट गर्नुभयो । भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको विनाशकारी बाढीलाई उहाँले स्थानीय त्रासदी मात्र नभई विश्वका लागि चेतावनीका रूपमा प्रस्तुत गर्नुभयो । बाढीमा ज्यान गुमाएका र बेपत्ता भएका मानिसका परिवार, बगाइएका सडक, पुल, विद्यालय, घर तथा जीविकोपार्जनका साधनको चर्चा गर्दै उहाँले विपद्को मानवीय र विकासगत असर अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुभयो ।

हिमनदी पग्लिनु, हिमताल विस्तार हुनु र हिमताल विस्फोटको जोखिम बढ्नुले बाढी तथा पहिरोको जोखिम बढाएको छ । हिमालयमा हुने परिवर्तनको असर नेपालमा मात्र सीमित रहँदैन । नदी प्रणालीमार्फत त्यसको प्रभाव सीमापारसम्म पुग्छ । प्रधानमन्त्रीले जलवायु परिवर्तनले सीमा नचिन्ने उल्लेख गर्दै हिमनदी र बाढीले पासपोर्ट बोकेर यात्रा नगर्ने तर्क प्रस्तुत गर्नुभयो । यसले जलवायु संकटको अन्तरदेशीय चरित्र स्पष्ट पार्छ ।

**न्यून उत्सर्जन, ठुलो क्षति**

नेपालको जलवायु बहसको महत्त्वपूर्ण प्रश्न हो- जलवायु संकट सिर्जना गर्न नगन्य योगदान गरेको देशले यसको ठुलो मूल्य किन चुकाउनुपर्ने ?

प्रधानमन्त्रीले नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा कम योगदान गरे पनि जलवायु संकटको गम्भीर असर भोगिरहेको उल्लेख गर्नुभयो । उहाँले यसलाई मानवीय संकट मात्र नभई विकासको संकटका रूपमा प्रस्तुत गर्नुभएको छ ।

बाढीले सडक र पुल भत्काउँछ, जलविद्युत् आयोजना प्रभावित हुन्छन्, खेतीयोग्य जमिनमा क्षति पुग्छ र व्यापारिक मार्ग अवरुद्ध हुन्छन् । यसले स्थानीय अर्थतन्त्रमा असर पार्छ । पुनर्स्थापना र पुनर्निर्माणमा ठुलो सार्वजनिक स्रोत खर्च गर्नुपर्छ । विकासका लागि छुट्याइएको बजेट विपद्पछिको पुनर्निर्माणमा खर्च हुँदा विकासको गति प्रभावित हुन्छ । त्यसैले जलवायु परिवर्तनलाई वातावरण संरक्षणमा मात्र सीमित नगरी विकास नीति र आर्थिक योजनासँग जोडेर हेर्नुपर्छ ।

**जलवायु न्याय र क्षेत्रीय सहकार्य**

प्रधानमन्त्रीको सम्बोधनको अर्को महत्त्वपूर्ण पक्ष जलवायु न्याय हो । उहाँले जलवायु परिवर्तनलाई अर्को भूराजनीतिक द्वन्द्वको विषय नबनाउन आग्रह गर्दै 'साझा तर विभेदित जिम्मेवारी र आ-आफ्नो क्षमताअनुसारको दायित्व'को सिद्धान्तअनुसार जिम्मेवारी लिनुपर्ने धारणा राख्नुभयो ।

औद्योगिक विकासका क्रममा जीवाश्म इन्धनको व्यापक प्रयोगले हरितगृह ग्यास उत्सर्जन बढाएको हो । तर जलवायु परिवर्तनको असर सबै मुलुकले समान रूपमा भोगिरहेका छैनन् । न्यून उत्सर्जन गर्ने, आर्थिक रूपमा कमजोर र भौगोलिक रूपमा जोखिममा रहेका मुलुक बढी प्रभावित छन् । त्यसैले जलवायु न्याय आर्थिक सहयोगमा मात्र सीमित छैन । कसले कति जिम्मेवारी लिने, स्रोत कसरी वितरण गर्ने र निर्णय प्रक्रियामा प्रभावित देशको आवाज कसरी समेट्ने भन्ने प्रश्न पनि यससँग जोडिन्छ ।

प्रधानमन्त्रीले नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालय जलवायु उत्थानशीलता संयन्त्र' स्थापना गर्ने प्रस्ताव पनि राख्नुभएको छ । जोखिमयुक्त हिमतालको अनुगमन, भूउपग्रहसम्बन्धी तथ्यांक तथा विशेषज्ञताको आदानप्रदान, संयुक्त पूर्वसूचना प्रणाली र विपद्का बेला सीमापार समन्वय यसका प्रस्तावित आधार हुन् ।

हिमालय कुनै एक देशको मात्र प्राकृतिक सम्पदा होइन । यसबाट उत्पन्न नदी प्रणालीले ठुलो जनसंख्याको पानी, कृषि, ऊर्जा र जीविकोपार्जनलाई प्रभावित गर्छ । त्यसैले हिमाली जोखिम व्यवस्थापनमा सूचना लुकाएर होइन, साझा गरेर अघि बढ्नुपर्छ । यद्यपि यस्तो संयन्त्रको प्रभावकारिताका लागि राजनीतिक प्रतिबद्धता, वैज्ञानिक सहकार्य, प्राविधिक क्षमता, वित्तीय स्रोत र निरन्तर कूटनीतिक समन्वय आवश्यक हुनेछ ।

**राहतभन्दा पूर्वतयारी**

नेपालमा विपद् व्यवस्थापन प्रायः उद्धार र राहतमा केन्द्रित हुने गरेको छ । जलवायु परिवर्तनसँगै चरम मौसमी घटनाको जोखिम बढिरहेको अवस्थामा यो दृष्टिकोण पर्याप्त हुँदैन । प्रधानमन्त्रीले पूर्वतयारीको संस्कृति विकास गर्नुपर्नेमा जोड दिनुभएको छ ।

यसको अर्थ जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित पूर्वाधार, स्थानीय समुदायको क्षमता विकास, बिमा, आपत्कालीन सञ्चार र उद्धार संयन्त्रलाई प्रभावकारी बनाउनु हो । विशेषतः हिमताल र हिमाली नदीको जोखिम भएका क्षेत्रमा पूर्वसूचना प्रणालीले जनधनको क्षति घटाउन सक्छ । तर प्रणाली जडान गरेर मात्र पुग्दैन । सूचना स्थानीय समुदायसम्म समयमै पुग्ने र त्यसअनुसार निर्णय लिन सक्ने संस्थागत क्षमता पनि आवश्यक हुन्छ ।

त्यसैले जलवायु अनुकूलनलाई छुट्टै परियोजनामा सीमित नगरी सडक, पुल, बस्ती, ऊर्जा, कृषि र सहरी विकासका योजनामा समावेश गर्नुपर्छ ।

जलवायु वित्त र नेपालको जिम्मेवारी

विपद्पछिको पुनर्स्थापना र पुनर्निर्माणका लागि ठुलो स्रोत आवश्यक पर्छ । प्रधानमन्त्रीले नेपाललाई अनुदानमा आधारित अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको उल्लेख गर्दै क्षति तथा नोक्सानी कोषलगायत जलवायु वित्तीय संयन्त्रबाट स्रोत परिचालन सहज बनाउनुपर्ने धारणा राख्नुभएको छ ।

नेपालका लागि यो विषय आर्थिक सहयोगमा मात्र सीमित छैन, दीर्घकालीन विकाससँग पनि जोडिएको छ । जलवायुजन्य विपद्ले पूर्वाधार नष्ट गरेपछि पुनर्निर्माणका लागि ऋण लिनुपर्ने अवस्था आए मुलुक थप ऋणको चक्रमा फस्न सक्छ । त्यसैले जलवायु वित्त प्रभावित देशको आवश्यकता, क्षतिको प्रकृति र जोखिमअनुसार पर्याप्त, सहज र पहुँचयोग्य हुनुपर्छ ।

अन्तर्राष्ट्रिय समुदायसँग जलवायु न्यायको माग गर्नु नेपालको अधिकार हो । तर त्यससँगै आफ्ना जिम्मेवारी पनि प्रभावकारी रूपमा पूरा गर्नुपर्छ । वन संरक्षण, जलविद्युत् विकास, विद्युतीय सवारीसाधनको प्रवर्धन र स्थानीय तहमा जलवायु अनुकूलनका प्रयासलाई संस्थागत तथा परिणाममुखी बनाउन आवश्यक छ । सडक, पुल, भवन, बस्ती र ऊर्जा आयोजनाको निर्माण गर्दा भविष्यको जलवायु जोखिमलाई योजनाकै चरणमा समेट्नुपर्छ । वन संरक्षण, जलाधार व्यवस्थापन, दिगो कृषि र पूर्वसूचना प्रणालीलाई राष्ट्रिय विकासको मूल प्रवाहमा लैजानुपर्छ ।

**भाषणदेखि कार्यान्वयनसम्म**

प्रधानमन्त्रीको महासभा सम्बोधनले नेपालको जलवायु चासोलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गरेको छ । भोटेकोशी-त्रिशूली विपद्लाई हिमालयको दीर्घकालीन संकटसँग जोड्दै जलवायु न्याय, वित्त, क्षेत्रीय सहकार्य र पूर्वतयारीलाई एउटै बहसमा ल्याइएको छ । तर अन्तर्राष्ट्रिय मञ्चमा विषय उठाउनु पहिलो चरण मात्र हो । अब त्यसलाई व्यवहारमा रूपान्तरण गर्नु मुख्य चुनौती हो ।

जोखिमयुक्त हिमतालको निगरानी, प्रभावकारी पूर्वसूचना प्रणाली, बजेटसहित जलवायु अनुकूलनका योजनाको कार्यान्वयन र पूर्वाधार निर्माणमा जलवायु जोखिमको मूल्यांकन आवश्यक छ । अन्तर्राष्ट्रिय सहयोग प्राप्त भए त्यसको पारदर्शी र परिणाममुखी उपयोग सुनिश्चित गर्नुपर्छ । हिमालय जलवायु उत्थानशीलता संयन्त्रको प्रस्तावलाई पनि कूटनीतिक वक्तव्यबाट संस्थागत पहलमा रूपान्तरण गर्नुपर्छ । नेपालका लागि जलवायु परिवर्तन भविष्यको सम्भावित संकट मात्र होइन, वर्तमानमै अनुभव भइरहेको वास्तविकता हो । हिमनदीमा आएको परिवर्तनदेखि बाढी, पहिरो, कृषि उत्पादन र पूर्वाधारमा परेको असरले यसको गम्भीरता देखाइरहेको छ ।

प्रधानमन्त्रीले जलवायु संकटलाई मानवीय मात्र नभई विकासको संकटका रूपमा प्रस्तुत गर्दै जलवायु न्याय, अन्तर्राष्ट्रिय वित्त, क्षेत्रीय सहकार्य र पूर्वतयारीमा जोड दिनुभएको छ । अब प्रश्न सम्बोधनमा के भनियो भन्नेमा मात्र सीमित रहनु हुँदैन । त्यसलाई नीति, बजेट, संस्था र व्यवहारमा कसरी उतारिन्छ भन्ने कुरा महत्त्वपूर्ण छ ।

नेपालले अन्तर्राष्ट्रिय समुदायसँग न्यायपूर्ण सहयोग र जिम्मेवारी मागिरहँदा वन संरक्षण, स्वच्छ ऊर्जा, सुरक्षित पूर्वाधार, पूर्वसूचना प्रणाली र स्थानीय अनुकूलनमा पनि आफ्नो क्षमता बलियो बनाउनुपर्छ । हिमालयबाट आएको चेतावनी विश्वले सुन्नुपर्छ । नेपालले पनि त्यसलाई गम्भीरतापूर्वक आत्मसात् गर्नुपर्छ । जलवायु न्यायको अर्थ क्षति भएपछि क्षतिपूर्ति पाउनु मात्र होइन, विपद्को जोखिम घटाउँदै सुरक्षित, उत्थानशील र न्यायपूर्ण भविष्य निर्माण गर्नु हो ।

**(लेखक दवाडी जलवायु परिवर्तनको सञ्चारबारे प्रिन्स अफ सोंकला विश्वविद्यालयमा विद्यावारिधि गर्दै छन् ।)**

# उत्साह जगाउने चाड दसैं

सुशासन



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*दसैं हाम्रो ठुलो चाड मात्र होइन, परिवार, संस्कृति र सामाजिक आत्मीयताको पर्व हो । तर बिदेसिएको पुस्ता, बढ्दो महँगी, आयातमा निर्भरता, विपत्ति, अस्वस्थ खानपान र मौलिक परम्परा कमजोर बन्दै जाँदा दसैंको रौनक र उत्साह क्रमशः खुम्चिँदै गएको देखिन्छ ।*

वर्षभरिको ठुलो चाड दसैंले नयाँ उत्साह र जाँगर थप्ने गर्छ । तर केही वर्षयता यसको रौनक र मौलिकता दुवै कमजोर हुँदै गएका छन् । विदेशमा रहेका सन्ततिलाई बाबुआमाले अनलाइनबाट टीका लगाइदिनुपर्ने अवस्था छ । शिक्षा र रोजगारीका लागि देश-देशान्तर पुगेको नयाँ पुस्ता आज पुरानो पुस्तासँग नजिक छैन । त्यसैले धेरै परिवारका लागि दसैं उत्सवभन्दा दूरी र सम्झनाको पर्व बन्न थालेको छ ।

सन्तति साथमा नहुँदाको पीडा बोकेर नाम मात्रको दसैं मनाउने परिवार छन् । हुनेखानेका लागि सधैं दसैंजस्तो भए पनि हुँदा खानेका लागि दसैं नै दशा बन्न थालेको छ । महँगीले चाडको रौनक खोसेको छ । सस्ता सामान खोज्दै सुपथ मूल्यका पसल धाउनुपर्ने अवस्था छ । दसैंको मुखमा चिनी, खाना पकाउने ग्यासलगायत अत्यावश्यक वस्तुको अभाव देखिनु हाम्रो आपूर्ति व्यवस्थाको कमजोरी हो ।

त्यसमाथि प्रकृतिको ताण्डवले पीडा थपेको छ । भोटेकोसीलगायतका बाढीपहिरोले चाडपर्वको खुसी खोसेको छ । कतिपय परिवार विपत्तिबाट उठ्न नपाउँदै अर्को संकटमा परेका छन् ।

खाद्यान्नदेखि दैनिक उपभोग्य सामग्रीसम्म विदेशबाट ल्याउनुपर्ने अवस्था छ । उत्तरी नाका बन्द हुँदा आपूर्ति प्रभावित हुन्छ । स्वदेशी उत्पादन बढाउने, सुशासन कायम गर्ने प्रतिबद्धता गरिए पनि उपभोक्ताले राहत महसुस गर्न सकेका छैनन् । रासायनिक मलको अभाव धान रोप्ने बेला देखिन्छ, धान भित्र्याउने बेला भने गोदाममा मल थन्किएको सुनिन्छ ।

शारदीय नवरात्रिमा खेतका धानका बाला झुल्नुपर्ने हो । तर कतिपय परिवारका लागि दुई किलो चामल स्कुटीमा ल्याएर कोठामा एक्लै दसैं मनाउनुपर्ने अवस्था छ । कसैको साथी विदेशमा छ, कसैकी श्रीमती वा श्रीमान् खाडीमा । परिवारको भौगोलिक दूरी बढ्दै जाँदा दसैं-तिहारको आत्मीयता पनि खल्लो बन्दै छ । जन्मदर घट्नुका पछाडि आर्थिक दबाब र परिवार पाल्न बढेको कठिनाइ पनि एउटा कारण हो ।

हिजोको दसैंमा घर-आँगन रातो र सेतो माटोले पोतिन्थ्यो । ढोका-झ्याल सिँगारिन्थे । रोटेपिङ हुन्थ्यो । बारीका तरकारी, घरकै खसीबोका र स्थानीय परिकारले दसैंको भान्सा भरिन्थ्यो । नजिकैको धारामा नुहाएर, घरमै राखिएको जमरा शिरमा सिउरिएर मौलिक ढंगले चाड मनाइन्थ्यो ।

आज त्यो दृश्य फेरिएको छ । खेतमा धानका बाला कम देखिन्छन् । खसीबोका आयात गर्नुपर्ने अवस्था छ । दसैंका मसलादेखि तरकारी र फलफूलसम्म ठुलो हिस्सा बाहिरबाट आउँछ । विषादी र अस्वस्थ उत्पादनका कारण



टन्न खानुपर्ने चाडमा पनि के खाँदै छौं भन्ने चिन्ता थपिएको छ । बजारका आकर्षक वस्तु घर ल्याएको केही समयमै बिग्रने अवस्था उपभोक्ताका लागि अर्को चुनौती हो ।

कर्णालीमा खाद्यान्न ढुवानी गर्नुपर्ने अवस्था अझै अन्त्य भएको छैन । त्यसमाथि कमिसनको खेलको आरोपबाट यस्ता कार्यक्रम मुक्त हुन सकेका छैनन् । सहुलियतका सामानका लागि लामो लाइन छ । सुपथ मूल्यका पसलमै म्याद गुज्रिएका सामान भेटिने गुनासो सुनिन्छ । सरकार बजार नियन्त्रण गर्न कमजोर देखिन्छ । बिचौलियाको प्रभाव बलियो छ । आयातित सामानमा भन्सार लाग्छ, त्यसको थप भार अन्ततः उपभोक्तामाथि पर्छ । नयाँ सरकारले पनि पुरानो जालो तोड्न सकेको छैन । सरकारी संयन्त्रमा जंग लागेकै छ । कर्मचारीतन्त्र सुधारका प्रयास सुस्त छन् । विपत्तिले सरकारलाई थप असहज बनाएको छ । राजनीतिक अस्थिरता, अशान्ति, कुण्ठा र द्वन्द्वको वातावरणबाट देश अझै माथि उठ्न सकेको छैन । दसैं-तिहारपछि राजनीतिक आँधीबेहरी आउने संकेतले पनि नागरिकमा आशाभन्दा चिन्ता थपेको छ ।

भ्रष्टाचारमा संलग्नमाथि कारबाहीको प्रश्न पनि उस्तै छ । सरकार स्वयंमाथि प्रश्न उठिरहेका छन् । विरोधीलाई पक्राउ गर्ने र अदालतले छाड्ने क्रमले राज्य संयन्त्रप्रतिको विश्वास कमजोर बनाउँछ । चाडको बिदाको समयमा कसलाई समातिन्छ भन्ने अन्योलभन्दा सरकारले कानुनको समान र निष्पक्ष कार्यान्वयनमा विश्वास दिलाउनु आवश्यक छ ।

दसैंमा मात्र होइन, अरू समयमा पनि अबोध पशुपन्छीको ठुलो संख्यामा हत्या भइरहेको छ । पशु अधिकारका आवाज सुनिएका छैनन् । मानिसको शवमा छोइछिटो गर्ने समाजले पशुपन्छीको शवलाई भान्सामा ल्याएर खानुलाई सामान्य बनाएको छ । हाम्रो खानपान, संस्कार र संस्कृतिमा सात्त्विकताको प्रश्न पनि यससँग जोडिन्छ । मासुका लागि विदेशबाटै पशुपन्छी आयात गर्नुपर्ने अवस्था र त्यससँगै देशको ठुलो रकम बाहिरिनु पनि गम्भीर विषय हो । स्वास्थ्यका दृष्टिले अस्वस्थ खानपानले बढाइरहेका रोग र अस्पतालमा बढ्दो भिडले हाम्रो खाद्य प्रणालीमाथि प्रश्न उठाएको छ । तरकारी, फलफूल र मासुमा विषादी तथा गुणस्तरको समस्या छ । सरकारले पशु वधशाला, खाद्य सुरक्षा र उपभोक्ता हितसम्बन्धी कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेको छैन ।

दसैं मासु, नयाँ लुगा र टीकाको मात्र पर्व होइन । यो परिवार जोड्ने, संस्कार जोगाउने, आत्मीयता बढाउने र समाजमा उत्साह भर्ने पर्व हो । त्यसैले दसैंको मौलिकता जोगाउन उत्पादन बढाउनुपर्छ, बजार व्यवस्थित गर्नुपर्छ, महँगी नियन्त्रण गर्नुपर्छ र खाद्यसुरक्षालाई प्राथमिकता दिनुपर्छ । सबैभन्दा ठुलो कुरा, दसैंलाई देखावटी उपभोगको पर्व होइन, आत्मीयता र सामाजिक सद्भावको पर्व बनाउनुपर्छ । बिदेसिएका सन्ततिलाई घर फर्किने वातावरण, विपत्तिमा परेकालाई राज्यको भरोसा र गरिब परिवारलाई सम्मानपूर्वक चाड मनाउने अवस्था बनाउन सकिए मात्र दसैंले आफ्नो पुरानो उत्साह र अर्थ पुनः प्राप्त गर्नेछ ।

इतिहासको पाना ● रतन भण्डारी

# बालकृष्ण समको निर्णयले जेल पुगेका लक्ष्मीनन्दन



त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति तथा फ्रान्सका लागि पूर्वराजदूत डा. त्रैलोक्यनाथ उप्रेतीको संस्मरणअनुसार, चक्रपाणि चालिसेका छोरा लक्ष्मीनन्दन चालिसेको जीवनमा एउटा परीक्षाको उत्तरपुस्तिकाले ठुलो संकट निम्त्याएको थियो ।

त्यतिबेला लक्ष्मीनन्दन त्रिचन्द्र कलेजमा बिए पढ्दै थिए । परीक्षामा मनपर्ने नायकबारे निबन्ध लेख्नुपर्ने प्रश्नमा उनले पृथ्वीनारायण शाहको चर्चा गर्दै राणावंशविरुद्ध कठोर टिप्पणी गरेका थिए । राणाकालमा यस्तो अभिव्यक्तिलाई गम्भीर अपराधका रूपमा लिइयो ।

त्यतिबेला त्रिचन्द्रमा नेपाली पढाउने बालकृष्णशमशेर (बालकृष्ण सम)ले उत्तरपुस्तिका जाँचेका थिए । राणावंशविरुद्धको टिप्पणी देखेपछि उनले उक्त कापी शिक्षा विभागका महानिर्देशक मृगेन्द्रशमशेरलाई बुझाए । मृगेन्द्रले यो विषय प्रधानमन्त्री जुद्धशमशेरसमक्ष पुऱ्याए । त्यसपछि त्रिचन्द्रका विद्यार्थी र शिक्षकलाई विशालनगर दरबार बोलाइयो । उप्रेतीको संस्मरणअनुसार, त्यहाँ लक्ष्मीनन्दनको टिप्पणीलाई अपराध ठहर गर्दै उनलाई जेल सजाय र अंश सर्वस्वको सजाय दिने विषय उठाइयो । फर्कने क्रममा सबैले देख्ने गरी दरबारको मूलढोकामै उनलाई नेल लगाइएको थियो । यसलाई विद्यार्थीलाई तर्साउने प्रयासका रूपमा लिइएको उप्रेतीको भनाइ छ ।

चक्रपाणि चालिसे शिक्षा विभागअन्तर्गतको भाषानुवाद अड्डामा कार्यरत थिए । छोराले पाएको सजायबाट उनी दुःखी भए पनि यस विषयमा सार्वजनिक रूपमा कुरा गर्न चाहँदैनथे । जेलमा लक्ष्मीनन्दनलाई क्षयरोग लाग्यो । उपचारको अभावमा उनको अवस्था गम्भीर बन्यो । कतिपय इतिहासकारले उनको जेलमै मृत्यु भएको उल्लेख गरेका छन् भने डा. उप्रेतीका अनुसार, मृत्यु निश्चितजस्तै भएपछि उनलाई जेलबाहिर निकालिएको थियो । विसं १९९५/०६ तिर पक्राउ परेका उनको २००२ सालमा मृत्यु भएको थियो । यो घटनाले राणाकालमा अभिव्यक्ति स्वतन्त्रताको अवस्था र सत्ताविरुद्ध बोल्ने व्यक्तिले भोग्नुपरेको जोखिम उजागर गर्छ ।

# दसैंघरमा राखियो जमरा



**काठमाडौं/मस**–काठमाडौंको हनुमानढोकास्थित दसैंघरमा विधिवत रूपमा जमरा राखिएको छ । आइतबारबाट विधिवत् रूपमा शुरु भएको नवरात्रको पहिलो दिन आज घरघरमा घटस्थापना गरी विधिवत रुपमा जमरा राखिएको हो ।

हनुमान ढोकास्थित दसैंघरमा पनि विधिवत मन्त्रोच्चारणसहित घटस्थापनाको शुभ साईत ११:४७ बजे जमरा राखिएको छ। सो अवसरमा नेपाली सेनाको ब्याण्ड बाजा टोलीले मंगल धुन बजाएका थिए भने बन्दुक पड्काएर बढाइँ गरिएको छ ।

दसैंको पहिलो दिन घटस्थापनको अवसरमा घरघरमा जमरा राख्ने प्रचलन छ । नित्यकर्म गरी नजिकको नदी वा चोखोस्थलबाट बालुवा वा माटो ल्याएर गाईको गोबरले लिपपोत गरिएको कोठामा वा दसैंघरमा जमरा छर्ने गरिन्छ ।

घटस्थापना गर्दा पूजाकोठा वा दसैं घरमा विधिपूर्वक दीप, कलश र गणेशको स्थापना गरी वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री दुर्गाको आह्वान गरी पूजाअर्चना गरिन्छ ।

नवरात्रीभर दुर्गाका तीन रुप महाकाली, महालक्ष्मी र महासरस्वतीको विधिपूर्वक पूजाराधना गरिन्छ । नवरात्रको प्रथम दिवसमा शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धीदात्रीको पूजार्चना गरिन्छ ।

# सुदूरपश्चिम सरकारले ल्यायो ३७ अर्ब ७० करोडको बजेट

**काठमाडौं/मस**–सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गरेको छ। अघिल्लो सरकारले गत असार १ गते प्रदेशसभामा पेस गरेको विनियोजन विधेयक र अर्थ विधेयक फिर्ता लिँदै बजेटमा आवश्यक परिमार्जन तथा पुनरावलोकनसहित नयाँ बजेट प्रस्तुत गरिएको हो । आइतबार बसेको प्रदेशसभा बैठकमा प्रदेश सरकारका आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्लले आज प्रदेशसभा बैठकमा ३७ अर्ब ७० करोड ३९ लाख ६७ हजार रुपैयाँको बजेट प्रस्तुत गरेका हुन्। यो अघिल्लो सरकारले प्रस्तुत गरेको आकारअनुसार नै रहेको छ।

बजेटको खर्च व्यहोर्ने स्रोततर्फ आन्तरिक राजस्व परिचालनबाट एक अर्ब ७२ करोड रुपैयाँ, नेपाल सरकारबाट राजस्व बाँडफाँट भइ प्राप्त हुने अनुमानित रकम १० अर्ब २४ करोड ९२ लाख ६७ हजार रुपैयाँ रहेको छ।

यस्तै, संघीय रोयल्टी बाँडफाँटबापत प्राप्त हुने सात करोड, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान नौ अर्ब छ करोड ३३ लाख, आर्थिक वर्ष २०८२/८३ को विनियोजनबाट बचत हुने नौ अर्ब ६५ करोड, ससर्त अनुदानबाट प्राप्त हुने छ अर्ब तीन करोड ५८ लाख, संघीय समपूरक अनुदानबाट प्राप्त हुने ३८ करोड ८० लाख र विशेष अनुदानबाट ५२ करोड ७६ लाख रुपैयाँ प्राप्त हुने अनुमान रहेको छ।

यसअघि तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकारले गत असार १ गते बजेट प्रस्तुत गरे पनि सत्ता गठबन्धन बदलिएपछि उक्त बजेट पारित हुन सकेन। सोही असार २९ गते नेपाल कम्युनिष्ट पार्टी (एमाले) को समर्थनमा नेपाली कम्युनिष्ट पार्टीका नेता खगराज भट्टको नेतृत्वमा नयाँ सरकार गठन भएको थियो।

# रसुवा जोड्ने बेत्रावतीको बेलिब्रिज सञ्चालनमा



**नुवाकोट/मस**–भोटेकोशी बाढीपछि आइतबार सडक सञ्जालमार्फत रसुवा जिल्लासँग सम्पर्क स्थापित भएको छ । नेपाली सेनाले बेत्रावतीमा निर्माण गरेको बेलिब्रिज सञ्चालनमा आएसँगै यातायातमार्फत जिल्लासँग अन्य जिल्ला जोडिएको हो ।

भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीले बेत्रावतीस्थित विदुर नगरपालिका-१० र उत्तरगया गाउँपालिका-५ बेत्रावती जोड्ने दुई पक्की पुल बगाएसँगै रसुवा र नुवाकोटबीचको सम्पर्क टुटेको थियो ।

पुल सञ्चालनमा आएसँगै नुवाकोट र रसुवा आसपासका क्षेत्रका नागरिकलाई आवतजावत गर्न र बाढीबाट प्रभावित क्षेत्रमा आवश्यक राहत तथा अत्यावश्यक सामग्रीको ढुवानीमा सहज हुने नेपाली सेनाको उपरथी अनुपजंग थापाले बताए । उनका अनुसार बेत्रावतीस्थित फलाखु खोलाको पुल नेपाली सेनाले पाँच दिनमा तयार गरेको हो ।

'बाढीले सडकको पहुँच मार्ग बगाएसँगै बेत्रावतीसम्म पुग्नका लागि पहुँच मार्गसमेत थिएन', उपरथी थापाले भने,'सडक विभागसँगको समन्वयमा करिब ३०० मिटर दूरीको आगिङ्टार-बेत्रावतीको कठिन चट्टान हटाई पहुँच मार्ग विस्तार गरेर बेत्रावतीसम्मको सडक सञ्जाल र फलाखु खोलामा बेलिब्रिज जडान गरेर रसुवालाई बाहिर जिल्लासँग जोडिएको हो ।'

पुल सञ्चालनमा आएसँगै उपरथी थापाले पुल निर्माणसम्बन्धी प्राविधिक जानकारीसहितको प्रतिवेदन गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडक योजनाको कार्यालयका प्रमुख कृष्णनाथ ओझालाई प्रदान गरे ।

नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतका अनुसार सञ्चालनमा आएको बेलिब्रिज ४० टन भार बहन क्षमताको रहेको छ । ७३ दशमलव दुई मिटर लम्बाइ र ५ दशमलव ५ मिटर चौडाइको छ । नुवाकोटको विदुरबाट सिधैं बेत्रावती पुग्न सकिने गरेर सडक सञ्जालको निर्माण र पुलबाट रसुवाको धुञ्चे पुग्न सहज भएको छ । बेत्रावतीको पुल तरेर पासाङल्हामु सडक मार्ग हुँदै रसुवाको धुञ्चे भएर स्याफ्रुबेँसीस्थित त्रिशूली वारीसम्म सवारीसाधनमा पुग्न सकिने भएसँगै रसुवाको बाढी प्रभावित क्षेत्रमा खाद्यसामाग्रीसहित अत्यावश्यक सामग्री लैजान सहज भएको छ ।

गल्छी-रसुवागढी सडकअन्तर्गत स्याफ्रुबेँसीदेखि रसुवागढीसम्मको सडक सञ्चालनका लागि पनि बेत्रावतीमा निर्माण भएको बेलिब्रिजले सहज बनेको छ। बाढी प्रभावित क्षेत्रमा नेपाली सेनामार्फत खोज तथा उद्धारसहित राहत एवं अत्यावश्यक सामग्री उपलब्ध गराउँदै आइरहेको छ ।

भोटेकोशी बाढीले क्षति पुऱ्याएको देवीघाटस्थित तादी खोलामा नेपाली सेनाले बेलिब्रिज जडान गरेर नुवाकोट र धादिङलाई यातायातको सिधा सम्पर्कमा जोडेको थियो । बाढीले क्षति पुऱ्याएका बाँकी स्थानका पुलसहितको सडक सञ्जाल सञ्चालन गराउन नेपाली सेनामार्फत आवश्यक सहजिकरण भइरहेको उल्लेख छ ।

# प्रधानाध्यापकमाथि कुटपिटको आरोपमा दुईजना पक्राउ

**काठमाडौं/मस**–काठमाडौंको बुढानीलकण्ठ नगरपालिका-१० कपनस्थित बालउद्धार माध्यमिक विद्यालयका प्रधानाध्यापकमाथि कुटपिट गरेको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सुनसरीको वराहक्षेत्र नगरपालिका-७ घर भई हाल काठमाडौंको कपन बस्दै आएका ३६ वर्षीय निशाल दाहाल र सिन्धुलीको दुधौली नगरपालिका-१ घर भई कपनमै बस्ने ४४ वर्षीय ध्रुवप्रसाद घिमिरे रहेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार गत असोज २२ गते बिहान करिब १०:३४ बजे विद्यालय



परिसरमा प्रधानाध्यापकमाथि कुटपिट भएको सूचनापछि प्रहरी वृत्त बौद्धबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार दाहालले विद्यालयमा कार्यरत महिला शिक्षिकालाई लक्षित गरी अपशब्द तथा अश्लील शब्द प्रयोग गर्ने, जथाभावी गालीगलौज गर्ने र धाकधम्की दिने जस्ता अभद्र व्यवहार गरेका थिए । सोही क्रममा घिमिरेको निर्देशनमा विद्यालयका प्रधानाध्यापकमाथि मुक्का तथा लात्ती प्रहार गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले घटनामा संलग्न रहेको आरोपमा दुवै जनालाई पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका दुवै जना विरुद्ध अभद्र व्यवहार गर्न नहुने कसुरमा अनुसन्धान अघि बढाइएको छ । प्रहरीले आज जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट चार दिनको म्याद थप अनुमति लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# यस वर्षको 'मिना दिदी पुरस्कार' रसुवाकी शिक्षिका आचार्यलाई




**काठमाडौं/मस**–यस वर्षको 'मिना दिदी पुरस्कार-२०८३' रसुवाकी शिक्षिका अनुजा अधिकारी आचार्यलाई प्रदान गरिने भएको छ । भोटेकोशी बाढीका बेला आपत्कालीन अवस्थामा विद्यार्थीहरूको जीवनरक्षाका लागि एक शिक्षकका रूपमा खेलेको महत्त्वपूर्ण भूमिकाको सम्मान गर्दै उनलाई यस वर्षको पुरस्कारका लागि छनोट गरिएको पुरस्कार समितिका सदस्यसचिव उमानाथ पोखरेलले जानकारी दिए ।

रसुवाको उत्तरगया गाउँपालिका-५ निवासी आचार्यले २०८३ भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीका क्रममा विद्यार्थीहरूको ज्यान जोगाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन् । विपद्को कठिन परिस्थितिमा विद्यार्थीहरूको सुरक्षाका लागि उनले देखाएको साहस, जिम्मेवारीबोध र मानवीय संवेदनशीलतालाई पुरस्कार छनोटको प्रमुख आधार बनाइएको समितिले जनाएको छ । शिक्षकको दायित्व कक्षाकोठामा पठनपाठन गराउनुमा मात्र सीमित नरही संकटका बेला विद्यार्थीहरूको जीवनरक्षा गर्नु पनि हो भन्ने उदाहरण आचार्यले प्रस्तुत गरेकी छन् । आपत्कालीन अवस्थामा विद्यार्थीहरूको जीवनलाई प्राथमिकता दिँदै उनले निर्वाह गरेको भूमिकाको कदरस्वरूप यस वर्ष उनलाई पुरस्कृत गर्न लागिएको हो ।

समाजसेवी तथा प्राध्यापक आरती कार्की र मदन पुरस्कार विजेता साहित्यकार डा. नीलम कार्की निहारिकाले आफ्नी आमा स्वर्गीय मीनाकुमारी कार्कीको स्मृतिमा यो पुरस्कार स्थापना गरेका हुन् । शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने एकजना महिला शिक्षकलाई प्रत्येक वर्ष यो पुरस्कार प्रदान गर्ने व्यवस्था छ ।

महिलाहरूलाई औपचारिक शिक्षा प्राप्त गर्ने अवसर अत्यन्त सीमित रहेको समयमा मीनाकुमारी कार्कीले ग्रामीण क्षेत्रमा शिक्षाको विकास र विस्तारका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएकी थिइन् । विसं २०२३ सालदेखि शिक्षण पेसा सुरु गरेकी उनले अर्घाखाँची र पाल्पाको झडेवास्थित किसान माध्यमिक विद्यालयमा गरी २७ वर्ष अध्यापन गरेकी थिइन् ।

छोरीहरूलाई विद्यालय पठाउन हिचकिचाउने तत्कालीन समाजमा उनी घरघरमा पुगेर अभिभावकहरूलाई छोरीहरू पनि पढ्नुपर्छ भन्दै सम्झाउने र उत्प्रेरित गर्ने गर्थिन् । पाल्पाको किसान माध्यमिक विद्यालयमा 'मिना दिदी'का नामले परिचित उनको सम्मानमा विद्यालयका भूतपूर्व विद्यार्थीहरूले उनी जीवित छँदै 'मिना दिदी' नामक पुस्तकसमेत प्रकाशन गरेका थिए । उनको निधन २०७८ साल माघ २१ गते भएको थियो ।

गत वर्ष पहिलोपटक 'मिना दिदी पुरस्कार' बैतडीकी पहिलो महिला शिक्षिका कृष्णा विष्टलाई प्रदान गरिएको थियो । ग्रामीण क्षेत्रमा शिक्षाको विस्तार, बालिका शिक्षा, महिला सशक्तीकरण, छाउपडी प्रथा न्यूनीकरण तथा सामाजिक रूपान्तरणमा पुऱ्याएको योगदानको सम्मान गर्दै उनलाई पुरस्कृत गरिएको थियो । पुरस्कारको राशि ५१ हजार रुपैयाँ रहेको छ ।

# खगेन्द्र श्रेष्ठको अध्यक्षतामा प्रवासी नेपाली मञ्च मलेसियाको नयाँ कमिटी चयन

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २५ असोज

नेकपा एमालेनिकट प्रवासी संगठन प्रवासी नेपाली मञ्च राष्ट्रिय कमिटी मलेसियाको तेस्रो राष्ट्रिय अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले खगेन्द्र श्रेष्ठको अध्यक्षतामा नयाँ राष्ट्रिय कमिटी सर्वसम्मत रूपमा चयन गरेको छ ।

अक्टोबर ११ मा क्वालालम्पुरस्थित ग्राण्ड कन्टिनेन्टल होटलमा सम्पन्न अधिवेशनले संगठनको आगामी कार्यदिशा तय गर्दै नयाँ नेतृत्व चयन गरेको हो ।

नवनिर्वाचित कमिटीको अध्यक्षमा खगेन्द्र श्रेष्ठ, उपाध्यक्षमा मोहन घिमिरे, सचिवमा राजु पहारी तथा सहसचिवमा सबिता तामाङ र सविन लोप्चन तामाङ चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा ईश्वर जोशी, मातृका खतिवडा, टोपनारायण भण्डारी, लेखबहादुर खत्री, धनलाल पुन, रनबहादुर बुढा, विष्णु चौधरी, रुद्र बिक, सुमित याक्खा, भरत केदेम, देवकुमार न्यौपाने र राम साउत क्षेत्री चयन भएका छन् । अधिवेशनको निर्वाचन मण्डलको अध्यक्षमा कृष्णबहादुर खड्का रहेका थिए।

अधिवेशनले संगठनमा नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्दै प्रवासमा रहेका नेपालीका हक, अधिकार र समस्यालाई प्रभावकारी रूपमा उठान गर्ने अपेक्षा गरिएको छ। मलेसियामा कार्यरत नेपाली श्रमिकका समस्या, उनीहरूको अधिकार



तथा समुदायका साझा सवालमा संगठनले थप सक्रिय भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता पनि यससँग जोडिएको छ।

कार्यक्रममा प्रमुख अतिथि पाठकले नयाँ नेतृत्वप्रति आशा व्यक्त गर्दै राज्यसत्ता सञ्चालनकै सन्दर्भमा नयाँ पुस्ताबाट अपेक्षित परिणाम आउन नसक्ने संकेत देखिएको टिप्पणी गरे। यद्यपि, अहिलेका लागि नयाँ नेतृत्वलाई 'शंकाको सुविधा' दिन सकिने उनको भनाइ थियो। उनले नयाँ नेतृत्वलाई काम गरेर आफ्नो क्षमता प्रमाणित गर्ने अवसर दिनुपर्ने आशय व्यक्त गरे ।

अधिवेशनमा निवर्तमान अध्यक्ष तथा पूर्व नेतृत्वका प्रतिनिधिहरूले संगठनमा पुस्तान्तरणको आवश्यकतामाथि जोड दिएका थिए । पूर्वअध्यक्षले आफूहरू सल्लाहकारको भूमिकामा रहेर नयाँ पुस्तालाई आवश्यक सहयोग, सुझाव र अनुभव प्रदान गर्ने बताए ।

नेतृत्व परिवर्तनसँगै संगठनको अनुभव र नयाँ पुस्ताको ऊर्जा एकसाथ अघि बढाउन सके प्रवासी नेपालीका मुद्दालाई अझ प्रभावकारी रूपमा उठाउन सकिने अपेक्षा गरिएको छ ।

अधिवेशनमा नेपाली जनसम्पर्क समिति मलेसियाका उपसभापति टेक टमेटा तामाङ, तामाङ घेदुङका महासचिव सञ्जीव तामाङ, गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसियाका अध्यक्ष इन्द्रनारायण लिम्बूलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा स्थानीय कलाकारहरूले सांस्कृतिक नृत्यसमेत प्रस्तुत गरेका थिए । अधिवेशनले संगठनलाई थप व्यवस्थित, गतिशील र प्रभावकारी बनाउँदै मलेसियामा रहेका नेपाली समुदायसँगको समन्वय विस्तार गर्ने अपेक्षा गरिएको छ ।

नयाँ कमिटी सर्वसम्मत रूपमा चयन भएसँगै प्रवासी नेपाली मञ्च मलेसियाले नयाँ नेतृत्वसहित आगामी कार्यकालको जिम्मेवारी अघि बढाउने भएको छ । नवनिर्वाचित अध्यक्ष खगेन्द्र श्रेष्ठसहित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ ।

# भूगर्भ सिमेन्टको निःशुल्क स्वास्थ्य शिविर, ३ सय बढीको स्वास्थ्य परीक्षण

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २५ असोज



भूगर्भ सिमेन्टले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत अर्घाखाँचीको खाँचिकोटमा सञ्चालन गरेको निःशुल्क स्वास्थ्य शिविरमा ३०० भन्दा बढी नागरिकले स्वास्थ्य परीक्षण गराएका छन् । आइतबार आयोजित शिविरमा स्थानीय नागरिकले निःशुल्क स्वास्थ्य परीक्षण गराएका हुन् । उपचारका लागि टाढा जानुपर्ने स्थानीय बासिन्दालाई शिविरले राहत मिलेको स्थानीय प्रकाश महत्राले बताए ।

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले एक समारोहबीच शिविरको उद्घाटन गरेका थिए। भूगर्भ सिमेन्टका अध्यक्ष तथा उद्योगपति नन्दीकेशर पौड्यालको अध्यक्षतामा भएको कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठ, स्थानीय जनप्रतिनिधि तथा नागरिकको उपस्थिति थियो । स्थानीय सञ्चारकर्मी अनिल नेपालीले स्वागत मन्तव्य राखेका थिए ।कार्यक्रममा बोल्दै अध्यक्ष पौड्यालले उद्योग सामाजिक रूपमा स्थापित भएपछि समाजप्रति उत्तरदायी र जवाफदेही हुनु आवश्यक रहेको बताए । उनले सामाजिक उत्तरदायित्वअन्तर्गत स्वास्थ्य शिविर सञ्चालन गरिएको उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए । उनका अनुसार कम्पनीले विद्यालयमा पोसाक वितरण, चेकड्याम निर्माण र वृक्षरोपणलगायतका सामाजिक काम गर्दै आएको छ । खानी सञ्चालनले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुगेको उनको भनाइ थियो ।

पौड्यालले सामाजिक सञ्जालमा आएका विषयका आधारमा मात्र धारणा नबनाउन र सत्यतथ्य बुझेर विचार बनाउन नागरिकलाई आग्रह गरे । शिविर सफल बनाउन सहयोग गर्ने विद्यालय परिवार, जनप्रतिनिधि, चिकित्सक तथा अन्य सहयोगीलाई धन्यवाद दिँदै उनले खानी प्रभावित क्षेत्रका नागरिकलाई घर निर्माण तथा विकास निर्माणका कामका लागि भूगर्भ सिमेन्ट २५ प्रतिशत छुटमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

उनले कम्पनीले संघीय तथा स्थानीय सरकारलाई रोयल्टी उपलब्ध गराउँदै आएको र विद्यालयमा एक शिक्षकको तलबसमेत सहयोग गर्दै आएको बताए। खानी सञ्चालनका क्रममा धुलो र धुवाँ उड्ने स्थानमा ट्यांकरबाट पानी छर्किने काम गर्न स्थानीय कामदारलाई निर्देशन दिएको पनि उनले उल्लेख गरे ।

जिल्ला समन्वय समितिका प्रमुख कोइरालाले खानी सञ्चालकलाई स्थानीय नागरिकले अधिकतम लाभ पाउने गरी काम गर्न आग्रह गरे। विकास निर्माणका काम नागरिकमैत्री बनाउनुपर्नेमा जोड दिँदै उनले उद्योगले आफ्नो दायित्वबाट पछि हट्न नहुने बताए। भूगर्भ सिमेन्टले गाउँमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नु सकारात्मक भएको उल्लेख गर्दै उनले यस्ता कार्यक्रमलाई नियमितता दिन आग्रह गरे ।

त्यस्तै, सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले चुनढुंगा उत्खननबाट प्रभावित क्षेत्रमा सम्झौताअनुसारका काम पूरा गर्न कम्पनीलाई आग्रह गरे । उनले जनताको स्वास्थ्य र वातावरणलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँदै खानी सञ्चालनका क्रममा गरिएका सबै सम्झौता कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।




# रोहितको शतकमा क्यानडाविरुद्ध नेपालको जित

रोहित पौडेलले शतकीय इनिङ खेले । रोहितले १२७ बलमा ८ चौका र १ छक्काको सहयोगमा १०१ रन बनाए ।

**काठमाडौं/मस–** आइसिसी क्रिकेट विश्वकप लिग–२ अन्तर्गतको त्रिकोणात्मक शृंखलामा नेपालले विजयी सुरुवात गरेको छ । ओमानमा जारी शृंखलाअन्तर्गत आइतबार भएको खेलमा क्यानडालाई २४ रनले पराजित गर्दै नेपालले विजयी सुरुवात गरेको हो ।

नेपालले दिएको २३६ रनको लक्ष्य पछ्याएको क्यानडा ४८.४ ओभरमा २११ रनमा अलआउट भयो । क्यानडाका लागि आरोन जोनसनले ४४ रन बनाए । ४९ बल खेलेका उनले ६ चौका प्रहार गरे ।

समित गोहेलले ५९ बलमा २ चौकाको सहयोगमा ३५ रन बनाए र अखिल कुमारले अविजित ३० रन बनाए । श्रेयस मोभा र कप्तान हम्जा तारिकले समान २६ रन बनाए ।

नेपालका लागि करण केसी, ललित राजवंशी, सन्दीप लामिछाने र नन्दन यादवले समान २–२ विकेट लिए ।




ओमान क्रिकेट एकेडेमी मिनिस्ट्री टर्फ १ मा टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउँदै २३५ रन बनाएको थियो ।

नेपालका लागि रोहित पौडेलले शतकीय इनिङ खेले । रोहितले १२७ बलमा ८ चौका र १ छक्काको सहयोगमा १०१ रन बनाए । गुल्सन झाले ३४ बलमा ४८ रन बनाए । बसिर अहमदले ५७ बलमा ३० रन बनाए भने अर्जुन कुमालले ५४ बलमा २३ रन बनाए ।

क्यानडाका लागि अखिल कुमारले ४ विकेट लिए भने सुख्जिन्दर सिंहले ३ विकेट लिँदा जहिर शिर्जादले २ विकेट लिए । यस शृंखलाको पहिलो खेलमा ओमानले क्यानडालाई हराएको थियो । त्यसपछि नेपालको शीर्ष ४ मा पर्ने सम्भावना सकिएको थियो । अब नेपालको ध्यान ओडीआई स्टाटस बचाउनेतर्फ हुनेछ ।

यस जितपछि लिग २ अंकतालिकामा नेपाल ३३ खेलबाट २६ अंकसहित छैटौं स्थानमा उक्लिएको छ भने क्यानडा ३४ खेलबाट २५ अंकसहित सातौं स्थानमा झरेको छ ।

लिग–२ का शीर्ष चार टोलीले आगामी फेब्रुअरीमा हुने विश्वकप छनोटमा सिधै स्थान बनाउने व्यवस्था छ । शीर्ष चारमा पर्न नसकेपछि नेपालले अब प्लेअफमार्फत विश्वकप छनोटको यात्रा तय गर्नुपर्नेछ । यसअघि नेपालले शीर्ष चारमा रहँदै छनोट खेल्ने अवसर पाएको थियो ।

यद्यपि, नेपालको तत्कालको प्राथमिकता भने ओडिआई मान्यता सुरक्षित गर्नु हो । यस शृंखलामा तीन खेल जित्न सके नेपालको ओडिआई मान्यता सुरक्षित हुनेछ । अन्यथा नेपालले विश्वकप छनोट प्लेअफबाटै एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगाउनुपर्ने चुनौती सामना गर्नुपर्नेछ । नेपालले सन् २०१८ मा जिम्बाब्वेमा आयोजित विश्वकप छनोट प्रतियोगिताबाट ओडिआई मान्यता प्राप्त गरेको थियो । त्यसयता नेपाली क्रिकेटले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो उपस्थिति बलियो बनाउने प्रयास गर्दै आएको छ ।

# यु–१७ राष्ट्रिय रग्बी सुरु



**सिन्धुली/मस–** दोस्रो शिखर ढकाल स्मृति यु–१७ महिला तथा पुरुष राष्ट्रिय रग्बी प्रतियोगिता आइतबार सिन्धुलीको फिक्कलमा सुरु भएको छ । प्रतियोगिताको उद्घाटन खेलमा महिलातर्फ टोखा नगरपालिका र बूढानीलकण्ठ नगरपालिकाले १–१ को बराबरी खेल्दै अंक बाँडेका छन् ।

फिक्कल गाउँपालिकाको आयोजना तथा नेपाल रग्बी संघको व्यवस्थापनमा सुरु भएको प्रतियोगिता दुई दिनसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको उद्घाटन नेपाल रग्बी संघका अध्यक्ष दीपक देवकोटा र फिक्कल गाउँपालिकाकी अध्यक्ष तथा संघकी बोर्ड सदस्य पार्वती सुनुवारले रेफ्रीलाई बल हस्तान्तरण गरेर संयुक्त रूपमा गरेका थिए ।

प्रतियोगितामा महिला र पुरुष दुवैतर्फका विजेता टोलीले ३० हजार रुपैयाँ नगदसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् । उपविजेता टोलीले २० हजार तथा तेस्रो हुने टोलीले १० हजार रुपैयाँ नगदसहित ट्रफी, पदक र प्रमाणपत्र पाउनेछन् । महिला तथा पुरुषतर्फका उत्कृष्ट खेलाडीलाई पनि ट्रफी र नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै फिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बरालले गाउँपालिकामा सञ्चालन हुने रग्बी जस्तो खेलकुद गतिविधिलाई सधैं साथ र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । भौगोलिक तथा विकासका दृष्टिले गाउँपालिकालाई जिल्लाको 'कर्णाली'का रूपमा हेरिए पनि खेलकुद क्षेत्रको विकासमा भने निरन्तर सहयोग गर्ने उनको भनाइ थियो । नेपाल रग्बी संघका अध्यक्ष देवकोटाले प्रतियोगिता आयोजना गरेकोमा फिक्कल गाउँपालिकालाई धन्यवाद दिँदै यस्ता प्रतियोगिताले निरन्तरता पाउने विश्वास व्यक्त गरे । उद्घाटन समारोहमा फिक्कल गाउँपालिकाका अध्यक्ष पार्वती सुनुवार, उपाध्यक्ष राजु बराल, नेपाल रग्बी संघका महासचिव गोविन्द घिमिरे, पालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर राजनमगर, मधेश प्रदेश खेलकुद परिषद्का बोर्ड सदस्य निशेषकुमार श्रेष्ठ, स्वर्गीय शिखर ढकालका पिता खगेन्द्र ढकाल, विभिन्न वडाका अध्यक्ष, सुनकोसी माध्यमिक विद्यालयकी प्रधानाध्यापक लक्ष्मी घिमिरे तथा बागमती प्रदेश रग्बी संघका बोर्ड सदस्य प्रकाश बराललगायतको उपस्थिति थियो ।

प्रतियोगिता लिग तथा नकआउट प्रणालीमा सञ्चालन हुनेछ । पुरुषतर्फ समूह 'ए'मा टोखा नगरपालिका, गोलबजार नगरपालिका र फिक्कल गाउँपालिका छन् । समूह 'बी'मा बूढानीलकण्ठ नगरपालिका र कटारी नगरपालिका रहेका छन् ।

महिलातर्फ समूह 'ए'मा टोखा नगरपालिका, गोलबजार नगरपालिका र बूढानीलकण्ठ नगरपालिका छन् । समूह 'बी'मा कटारी नगरपालिका, फिक्कल गाउँपालिका र लुम्बिनी नगरपालिका रहेका छन् ।



## नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८३/०६/२६)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०८/१९ को कारोवार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल/अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्र) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा न्यूरोड शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ । यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०४/१२ मा दर्ता नं. १७१८५५/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री सोनुप ट्रेडर्स प्रा.लि.**।
ठेगानाः काठमाडौ जिल्ला काठमाडौ म.न.पा. वडा नं. २२, काठमाडौ ।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. भिम बहादुर कार्कीको नाति, इन्द्र बहादुर कार्कीको छोरा दोलखा जिल्ला भिमेश्वर गा.वि.स. वडा नं. १३ स्थायी घर भई हाल काठमाडौ जिल्ला काठमाडौ म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं.२५८४७ (जारी मितिः २०५९/०७/०४, स्थान दोलखा) भएको **अनुप कार्की** ।
२. धन बहादुर विष्टकी छोरी, इन्द्र बहादुर कार्कीकी बुहारी, अनुप कार्कीकी श्रीमती, सुनसरी जिल्ला भरौल गा.वि.स वडा नं ४ स्थायी घर भई हाल काठमाडौ जिल्ला काठमाडौ म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. ०६/५५१४३ (जारी मितिः २०६९/०४/२१, स्थान सुनसरी) भएकी **सम्झना विष्ट** ।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
दोलखा जिल्ला भिमेश्वर गा.वि.स. वडा नं. १३ स्थायी घर भई हाल काठमाडौ जिल्ला काठमाडौ म.न.पा. वडा नं. ३२ बस्ने **सम्झना विष्ट** को नाममा दर्ता कायम रहेको सुनसरी जिल्ला भरौल गा.वि.स वडा नं ४, सिट नं ४ज कित्ता नं ३१३ को क्षेत्रफल १३५४.३३ वर्ग मिटरका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा न्यूरोड शाखा, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/७/०९ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा न्यूरोड शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/७/१० गते ३:०० बजे बैंकको, **न्यूरोड शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा न्यूरोड शाखा, काठमाडौंमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४


# पहिलो दसैं टेबल टेनिस प्रतियोगिता सम्पन्न




**काठमाडौं/मस–** यल स्पोर्ट्स एकेडेमीको आयोजनामा पहिलो संस्करणको दसैं टेबल टेनिस प्रतियोगिता सम्पन्न भएको छ । ग्वार्को स्थित यल स्पोर्ट्स एकेडेमीको नवनिर्मित प्रशिक्षण हलमा आज असोज २४ गते शनिवार पुरुष तर्फ ३० माथि, ४० माथि, ५० माथि र ६० माथि गरी कुल ४ विधामा प्रतिस्पर्धा भएको थियो । ३० माथि विधामा एपिएफका विलाश श्रेष्ठ प्रथम हुन सफल भए । उनले एपिएफकै राजीव चिकंबन्जारलाई फाइनलमा पराजित गरे । त्यसैगरी खोल्चा पोखरीका योगेन्द्र महर्जन एभिएमका सलिम ताम्राकारले तेस्रो हुदै कास्य पदक हात पारे । त्यसै गरि आजै भएको ४० माथि विधाको खेलमा राजकुमार खड्गीलाई हराउँदै विमलराज घिमिरेले स्वर्ण पदक सुरक्षित गरे भने राजकुमार रजत पदकमै सीमित रहे । सोही विधामा एभिएमका अशोक महर्जन र किर्तिपुरका दिलोन श्रेष्ठले तेस्रो स्थान हासिल गरे ।

५० माथि विधामा एभिएमका जयराम महर्जन विजय भए भने उनीसँग पराजित हुँदै रत्न डंगोल दोस्रो स्थानमै सीमित रहे । भक्तपुरका सुबोध जोंछे तेस्रो भए ।

६० माथिमा खोल्चा पोखरीका प्रकाश धाख्वाले स्वर्ण पदक जिते भने कीर्तिपुरका रविन्द्र महर्जन रजत पदकमै सीमित रहे । मनोहरि थापा र एभिएममा सुदर्शन प्रसाद गौतम कास्य पदक हात पर्न सफल भए ।

राष्ट्रिय खेलकुद परिषद् कार्यकारी समितिकी बोर्ड सदस्य सिक्का सुवाल श्रेष्ठको प्रमुख अतिथित्वमा समापन समारोह तथा पुरस्कार वितरण कार्यक्रम भएको थियो । साथै ललितपुर महानगरपालिका वडा नं. १७ का अध्यक्ष विनोद महर्जन, नेपाल राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी संघका सचिव शिव सुन्दर गोठे, सञ्जय अर्याल लगायतका व्यक्तित्वहरू अतिथिका रूपमा उपस्थित थिए ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितीः २०८३/०६/२६**

मिति २०८३/०६/१३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एन.के.सी युरोलोजी नेफ्रोलोजी एण्ड ट्रान्सप्लान्ट सेन्टर प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेशनल किड्नी एण्ड ट्रान्सप्लान्ट हस्पिटल प्रा. लि. (दर्ता नं.: ३८८६७८)** कायम गर्ने गरी मिति २०८३/०६/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Malaysia मा रोजगार** SV ALMA RESTAURANT

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/१२/३० चलानी नं. ६०२५३९८८ LT No.: 340559

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 7 | 0 | [illegible] | 1700 | ६४,४००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | [illegible] | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६– कामदार आफैले | रु. १,५००– कामदार आफैले | रु. ७००– कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८३ कार्तिक २ गते (19 Oct., 2026) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौमा हुनेछ ।

Liverpool H.R. Solution Pvt. Ltd.
Govt Lic. No.: 1415/074/075
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com
Contact Person : Maya Pandey (9851412303)

## हकदावीको सूचना

कर्णाली प्रदेश, कालिकोट जिल्ला, छाप्रे गा.बि.स. वडा नं ०२ स्थायी ठेगाना (हालको कालिकोट जिल्ला, तिलागुफा नगरपालिका वडा नं ०७) बस्ने जैसिके विष्टकी नातिनि, मानसिं विष्टकी छोरी, मया भण्डाराको मिति २०८३/०३/२९ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०६२०५२५०२७२८७२ मा भएको सम्पूर्ण रकम निज मया भण्डाराको सबैभन्दा नजिकको हकवाला श्रीमान मनसा भण्डाराको समेत मृत्यु भैसकेकोले उहाको एक मात्र हकवाला छोराको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको छोरा जयसिं भण्डाराले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, नाग्म, कालिकोट
सम्पर्क नं. : ९८४८३०२९६८

**युएईमा रोजगार**
कम्पनीः CHINA CIVIL ENGINEERING CONSTRUCTION CORPORATIONS- DUBAI BRANCH शहरः UAE
पूर्व स्वीकृत मितिः २०८३/०२/२८ चलानी नं.: ६०२५६७१७ LT. No.: 343336 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 98 | 0 | स. कामममा दक्ष | 1000 | ४२०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २ गते (19 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

मेनपावर लिंक प्रा. लि.
श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ–८, काठमाडौं, फोन : ०१–४३७५४१८, Email: info@manpowerlink.com

## सिर्जनात्मक उद्योग बन्नुपर्छ संगीत क्षेत्र : अध्यक्ष अग्रवाल



**काठमाडौं/मस-** नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले नेपाली संगीतलाई प्रतिस्पर्धी सिर्जनात्मक उद्योगका रूपमा विकास गर्नुपर्ने बताएका छन् । राष्ट्रिय संगीतकर्मी संघद्वारा आयोजित दसैं विशेष शुभकामना आदानप्रदान तथा स्रष्टा सम्मान कार्यक्रमलाई प्रमुख अतिथिका रूपमा सम्बोधन गर्ने क्रममा उनले सो धारणा राखेका हुन् ।

उनले भने, 'नेपाली संगीतलाई प्रतिस्पर्धी सिर्जनात्मक उद्योगका रूपमा विकास गर्नुपर्छ यसका लागि नयाँ पुस्ताका प्रतिभालाई व्यावसायिक करियर निर्माण गर्ने अवसर उपलब्ध गराउन आवश्यक छ र विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका प्रतिभालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउने अवसर सिर्जना गरिनु पर्दछ ।'

अध्यक्ष अग्रवालले नेपाली संगीत केवल मनोरञ्जनको माध्यम मात्र नभई राष्ट्रिय पहिचान, संस्कृति र मौलिकताको महत्त्वपूर्ण आधार भएको बताए । अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्न कलाकारको सिर्जनात्मक अधिकारको संरक्षण, उचित पारिश्रमिक र डिजिटल प्रविधिको प्रभावकारी उपयोग आवश्यक रहेको उनले उल्लेख गरे ।

अध्यक्ष अग्रवालले कलाकारहरू राष्ट्रका सांस्कृतिक दूत भएको उल्लेख गर्दै नेपाली संगीतलाई सांस्कृतिक कूटनीति, पर्यटन प्रवर्धन र अन्तर्राष्ट्रिय पहिचानसँग जोड्नुपर्ने बताए । नेपाली संगीतको विश्व बजारमा विस्तारका लागि सरकार, निजी क्षेत्र, संगीत क्षेत्र, सञ्चारमाध्यम र प्रविधि क्षेत्रबीच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

त्यस्तै, नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्राले नेपाली कला, संस्कृति, संगीत र चाडपर्वले सामाजिक सद्भाव, आपसी एकता तथा राष्ट्रिय पहिचानलाई बलियो बनाउने बताए । मल्होत्राले नेपाली कला, संस्कृति र संगीतको संरक्षण तथा प्रवर्धनमा संगीतकर्मी, कलाकार, सञ्चारकर्मी र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताए । देशको समग्र विकासका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र राष्ट्रिय विकासका अभियानमा सबै एकजुट हुनुपर्ने उनको भनाइ थियो ।

## २० वटा सोरुममा नयाँ 'ब्लु यामाहा एक्सएसआर १५५'को अनावरण



**काठमाडौं/मस-** नेपालका लागि यामाहाको आधिकारिक वितरक एमएडब्लु राइडसले देशव्यापी रूपमा क्षेत्रीय सहरहरूमा रहेका आधिकारिक यामाहा डिलरसिपहरूमा एकै साथ नयाँ 'ब्लु यामाहा एक्सएसआर १५५'को उपलब्धता आधिकारिक रूपमा विस्तार गरेको छ । भृकुटीमण्डपमा आयोजित नाडा अटो सो तथा यामाहा ब्लु फेस्टको सफल प्रदर्शनपाछि यो मोटरसाइकल अहिले देशव्यापी क्षेत्रीय २० सोरुमहरूमा आइपुगेको हो । राइडर तथा उत्साहीहरूले अब आफ्नो नजिकैको आधिकारिक डिलरमा पुगेर प्रत्यक्ष रूपमा मोटरसाइकल अवलोकन गर्न, टेस्ट राइड लिन र सिधै बुकिङ गर्न सक्नेछन् ।

यामाहाको मूल मर्म 'बिल्ट अन लेगेसी, ड्रिभन बाई पर्फर्मेन्स'लाई आत्मसात् गरेको एक्सएसआर १५५ ले मौलिक रेट्रो स्टाइल र आधुनिक प्रदर्शनको उत्कृष्ट संयोजन प्रदान गर्दछ । यसमा भिभिए प्रविधिको १५५ सिसी लिकुइड-कुल्ड इन्जिन र ६-स्पिड गियर ट्रान्समिसन रहेको छ, जसले दैनिक यात्रा तथा हाइवे राइडमा सेगमेन्टमै उत्कृष्ट माइलेजका साथै भरपर्दो पावर र उच्च गतिमा स्थिरता प्रदान गर्दछ । हाल उपलब्ध आकर्षक रंगहरू ब्ल्याक, ग्रे, रेडका साथै लाइनअपमा थप स्टाइलका विकल्पको ग्राहकमागलाई सम्बोधन गर्दै यामाहाले यो नयाँ ब्लु विकल्प बजारमा ल्याएको हो । ५ लाख ३४ हजार ९०० मूल्य तोकिएको यो नयाँ भेरिएन्ट थप किफायतीसमेत भएकाले धेरैभन्दा धेरै राइडरलाई मौलिक नियो-रेट्रो मोटरसाइकल खरिद गर्न सहज बनाउनेछ । यो क्षेत्रीय विस्तारको उद्देश्य स्थानीय राइडरसँग यामाहाको सम्बन्ध अझ प्रगाढ बनाउनु र देशव्यापी रूपमा एक्सएसआर प्रयोगकर्ताको समुदायलाई थप विस्तार गर्नु पनि हो । ब्लु यामाहा एक्सएसआर १५५का लागि टेस्ट राइड तथा बुकिङ हाल देशव्यापी क्षेत्रीय सहरमा रहेका आधिकारिक यामाहा डिलरसिपमा खुला गरिएको छ ।




जनकपुरधाम उपमहानगरपालिका-४ स्थित आइतबार घटस्थापनाका दिन पूजा सामाग्री किनमेल गर्दै सर्वसाधारण । तस्बिर : चन्दन ठाकुर/रासस

## १ करोड २९ लाख रुपैयाँ लागतमा डिप बोरिङ किसानको सिँचाइ समस्या हट्ने

**विनोद निगम/मध्यान्ह**
नवलपरासी, २५ असोज

पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-१५ स्थित सुक्रौली दक्षिण टोलमा १ करोड २९ लाख रुपैयाँ लागतको डिप बोरिङ आयोजना शिलान्यास गरिएको छ । लुम्बिनी प्रदेशसभा सदस्य वैजनाथ जैसवालले आर्थिक वर्ष २०८३/०८४ को क्षेत्र विकास योजनाअन्तर्गत सञ्चालन हुने बहुवर्षीय आयोजनाको शिलान्यास गरेका हुन् ।

स्थानीय किसानको सिँचाइ समस्या समाधान गर्दै कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले अघि बढाइएको यस आयोजनाले सुक्रौली दक्षिण टोलसहित आसपासका क्षेत्रको कृषि विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । खेतीपातीका लागि आवश्यक पानीको उपलब्धता सहज बनाउने लक्ष्यसहित अघि बढाइएको यो आयोजना स्थानीय किसानका लागि महत्त्वपूर्ण सिँचाइ पूर्वाधारका रूपमा रहेको छ ।

किसानका समस्या र स्थानीय आवश्यकतालाई विकास योजनासँग जोड्दै प्रदेशसभा सदस्य जैसवालले सिँचाइ पूर्वाधार निर्माणमा देखाएको सक्रियता प्रशंसनीय रहेको बताए । उनले जनताको आवश्यकता पहिचान गरी क्षेत्र विकास योजनामार्फत कृषि क्षेत्रमा लगानी भित्र्याउनु किसानमुखी विकासको महत्त्वपूर्ण पक्ष भएको उल्लेख गरे । सिँचाइ पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै अघि बढाइएको यस आयोजनाले स्थानीय किसानको कृषि कर्मलाई सहज बनाउनुका साथै उत्पादनमुखी विकासमा टेवा पुऱ्याउनेछ । जनताको आवश्यकता



र किसानका समस्यालाई सम्बोधन गर्ने गरी क्षेत्र विकास योजनामार्फत आयोजना अघि बढाउन जैसवालले बताए । यस आयोजनाले स्थानीय कृषि क्षेत्रको आधुनिकीकरण र उत्पादन वृद्धि गर्नेछ । कृषिमा निर्भर स्थानीय परिवारको जीविकोपार्जन सहज बनाउन सिँचाइ सुविधा विस्तार हुने स्थानीयको भनाइ छ । डिप बोरिङ आयोजना निर्माण सम्पन्न भई नियमित रूपमा सञ्चालनमा आएपछि किसानलाई खेतीपातीका लागि पानीको व्यवस्थापन गर्न सहज हुने र कृषि उत्पादनमा सुधार ल्याउन मद्दत पुग्नेछ ।

सुक्रौली दक्षिण टोल उपभोक्ता समिति तथा जल उपभोक्ता समितिका अध्यक्ष श्यामलाल यादवको अध्यक्षतामा डिप बोरिङको शिलान्यास गरिएको थियो । आयोजनाका लागि आवश्यक जग्गा समाजसेवी प्रवेश सिंह कुँवरले दिएका हुन् ।

## सिद्धार्थ बैंकले सञ्चालनमा ल्यायो एपिआई बैंकिङ प्लेटफर्म 'ऱ्यापिड'

**काठमाडौं/मस-** सिद्धार्थ बैंकले एपिआई बैंकिङ प्लेटफर्म 'ऱ्यापिड' सञ्चालनमा ल्याएको छ । बैंकले नेपाल फिनटेक एक्सपो २०२६ को अवसर पारेर उक्त प्लेटफर्म औपचारिक रूपमा सार्वजनिक गरेको हो । बैंकिङ एज अ सर्भिस (बिएएएस) अवधारणामा आधारित ऱ्यापिडले बैंक, फिनटेक कम्पनी तथा डिजिटल सेवाप्रदायकका प्रणालीलाई एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस (एपिआई)मार्फत एकीकृत गर्न सहयोग गर्नेछ । यसले विशेषगरी कर्पोरेट ग्राहकलाई आफ्नै सफ्टवेयरबाट बैंकिङ सेवा प्रयोग गर्न सहज बनाउने बैंकले जनाएको छ ।



प्लेटफर्म प्रयोगमा आएपछि ग्राहकले विभिन्न बैंकिङ सेवाका लागि छुट्टाछुट्टै प्रणालीमा प्रवेश गर्नुपर्ने झन्झट कम हुनेछ । ग्राहकले आफ्नै सफ्टवेयर वा इन्टरप्राइज रिसोर्स प्लानिङ (इआरपी) प्रणालीबाट बैंक खाताको मौज्दात हेर्न, स्टेटमेन्ट डाउनलोड गर्न, ट्रेजरी व्यवस्थापन गर्न तथा कारोबारको स्वतः मिलान गर्न सक्नेछन् ।

बैंकका अनुसार ग्राहकले ' कनेक्ट विथ एपिआई बैंकिङ' विकल्पमार्फत आफ्नो बैंक खाता लिंक गरी सेवा उपयोग गर्न सक्नेछन् । सेवा सञ्चालनका लागि बैंकमा एकपटक मोबाइल बैंकिङमा जस्तै फाराम भरेपछि अधिकांश प्रक्रिया अनलाइनबाटै पूरा गर्न सकिने व्यवस्था गरिएको छ । ऱ्यापिडले ग्राहकको सहमति लिने प्रक्रियालाई डिजिटल बनाउनुका साथै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउने अपेक्षा गरिएको छ । प्लेटफर्ममा ग्राहकको वित्तीय विवरण सुरक्षित राख्न एन्ड-टु-एन्ड इन्क्रिप्सन, बहुस्तरीय प्रमाणीकरणलगायत सुरक्षा प्रोटोकल प्रयोग गरिएको बैंकले जनाएको छ ।

## मञ्जुश्री फाइनान्सले २० प्रतिशत लाभांश वितरण गर्ने

**काठमाडौं/मस-** मञ्जुश्री फाइनान्सले आफ्ना सेयरधनीलाई कुल २० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । कम्पनीले आर्थिक वर्ष २०८२/८३ को नाफाबाट ५ प्रतिशत बोनस सेयर र १५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो ।

कम्पनीको सञ्चालक समितिको ३३८औं बैठकले उक्त लाभांश प्रस्ताव पारित गरेको हो । प्रस्तावअनुसार कम्पनीले हाल कायम चुक्ता पुँजीको ५ प्रतिशतका दरले ६ करोड ७५ लाख ७७ हजार ६४२ रुपैयाँ ४४ पैसाबराबरको बोनस सेयर वितरण गर्नेछ ।

त्यस्तै, कम्पनीले १५ प्रतिशतका दरले २० करोड २७ लाख ३२ हजार ९२७ रुपैयाँ ३२ पैसा नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । उक्त नगद लाभांशमा बोनस सेयर तथा नगद लाभांशमा लाग्ने कर प्रयोजनका लागि आवश्यक रकमसमेत समावेश हुने कम्पनीले जनाएको छ । प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत हुनुपर्नेछ । राष्ट्र बैंकको स्वीकृति र कम्पनीको आगामी साधारणसभाबाट पारित भएपछि मात्रै सेयरधनीले लाभांश प्राप्त गर्नेछन् ।

## नेपाल इन्फ्रास्ट्रक्चर बैंकले ५ प्रतिशत नगद लाभांश दिने




**काठमाडौं/मस-** नेपाल इन्फ्रास्ट्रक्चर बैंक चुक्ता पुँजीको ५ प्रतिशत नगद लाभांश दिने भएको छ । बैंकको आठौं वार्षिक साधारणसभाले आफ्ना सेयरधनीलाई ५.२६३२ प्रतिशत नगद लाभांश दिने सर्वसम्मतिले पारित गरेको छ । बैंक सञ्चालक समितिका अध्यक्ष महेशप्रसाद दाहालको अध्यक्षतामा सम्पन्न उक्त सभामा बैंक सञ्चालक समितिका सदस्यहरू बन्धुप्रसाद बास्तोला, सुरेन्द्रराज रेग्मी, दीपककुमार अग्रवाल, विशाल उप्रेती, डा.मनीष थापा र अनिता रायमाझी तथा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीलगायत सेयरधनीहरू तथा सम्बन्धित पदाधिकारीको उपस्थिति रहेको थियो ।

उक्त सभालाई सम्बोधन गर्दै बैंक सञ्चालक समितिका अध्यक्ष दहालले बैंकले समीक्षा अवधिसम्म हासिल गरेका उपलब्धि, चालु आर्थिक वर्षको लागि तय गरिएका योजना तथा लक्ष्य एवं भावी रणनीतिबारे सेयरधनीलाई जानकारी गराए । साधारणसभामा सेयरधनी महानुभावले बैंकको व्यवसायिक गतिविधिमा केन्द्रित भई लगानीकर्ताको प्रतिफललाई बढोत्तरी गर्नेलगायत आगामी दिनमा बैंकभित्र संस्थागत सुशासन, पारदर्शिता तथा व्यावसायिक दक्षता अभिवृद्धि गर्दै बैंकलाई सबल वित्तीय संस्थाको रूपमा स्थापित गर्दै लैजानुपर्नेमा विशेष जोड दिइएको थियो ।

## भेस्पाले नयाँ १५० सिसी स्कुटर ल्याउँदै




**काठमाडौं/मस-** भेस्पा स्कुटरको आधिकारिक वितरक डेल्टा अटोकर्पले सोमबार नयाँ १५० सिसी भेस्पा स्कुटर सार्वजनिक गर्दै छ । उक्त स्कुटर कम्पनीको काठमाडौंस्थित त्रिपुरेश्वर सोरुममा सार्वजनिक गरिनेछ । भेस्पाको स्कुटर सूचीमा थप एउटा मोडल जोडिनेछ । भेस्पाको छुट्टै इटालियन डिजाइन र राइडिङ अनुभव रोज्ने ग्राहकका लागि यसले थप विकल्प ल्याउनेछ । आफ्नो चिनिने स्टाइल र कालजयी आकर्षणका कारण भेस्पाले नेपालको स्कुटर बजारमा आफ्नो उपस्थिति कायम राख्दै आएको छ ।

आगामी सार्वजनिकीकरणबारे टिप्पणी गर्दै डेल्टा अटोकर्पका निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत विजय के. महतोले भने, 'भेस्पाले सधैं कालजयी इटालियन डिजाइन, व्यक्तित्व र विशिष्ट राइडिङ अनुभवको प्रतिनिधित्व गर्दै आएको छ । हाम्रो नयाँ १५० सिसी मोडलको सुरुवातसँगै नेपालमा भेस्पा परिवारमा थप एउटा सदस्य जोड्न पाउँदा हामी उत्साहित छौं । बजारमा भेस्पाको उपस्थिति अझ सुदृढ बनाउन र ब्रान्डको विशिष्ट चरित्र तथा विरासत झल्कने उत्पादन ग्राहकलाई उपलब्ध गराउन हामी प्रतिबद्ध छौं । असोज २६ गते यो नयाँ मोडल सार्वजनिक गर्न र ग्राहकसँग थप जानकारी साझा गर्न हामी उत्सुक छौं ।'

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**